कुनैपनि सार्वजनिक सरोकार, थाहा पाउने जनताको अधिकार ।

नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

राष्ट्रिय दैनिक

# गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ९ ○अंक ४२ ○श्रेणी 'क' ○२०७३ कार्तिक २५ गते बिहीबार ○ 10 Nov. 2016 ○पृष्ठ ४ ○मूल्य रु. ५/-

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
सम्पर्क : ०६१-५३९४५५

## पोखरामा प्लाष्टिक झोला र गिलास निषेध

### अधिकांश कर्मचारी घोषणासभामा गएपछि नगरपालिकाको काम ठप्प

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २४ कार्तिक ।**

पोखरा उप-महानगरपालिकालाई प्लाष्टिकका झोला र गिलास निषेधित क्षेत्र घोषणा गरिएको छ। बुधवार आयोजित कार्यक्रमका बीच संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव केदारवहादुर अधिकारीले पोखरालाई प्लाष्टिकका झोला र गिलास निषेधित नगर घोषणा गरेका हुन् । पोखरालाई प्लाष्टिक झोला र गिलास निषेधित नगर घोषणा गर्दै सचिव अधिकारीले कार्यन्वयन का लागि नागरिक आफै सचेत हुनुपर्ने बताए । उनले सरकार र नगरपालिका एक्लैले केहिपनि गर्न नसक्ने भएकाले टोलविकास संस्था, नागरिक समाज, राजनीतिक दल तथा नीजि क्षेत्र सबैको सहयोग आवश्यक पर्ने बताए। उनले प्रदुशित बन्दै गएको शहरी क्षेत्रको सफाइका लागि घरदेखि शहर सफाई अभियान सञ्चालन गर्नुपर्ने खाचो औल्याए । नगरवासीले आफ्नो जीवनशैली परिवर्तन गरे घोषणा कार्यन्वयनमा समस्या नपर्ने अधिकारीले बताए ।



पोखरा उपमहानगरपालिकामा प्लाष्टिक झोला र गिलास निषेध गर्न बुधबार पोखरामा आयोजित घोषणा सभामा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव केदारबहादुर अधिकारीलगायत । तस्वीर : गोल्डेन न्यूज दैनिक

पोखरा उपमहानगरपालिकाका २९ वटै वडालाई प्लाष्टिक झोला र गिलास निषेधित क्षेत्र घोषणा गरिसकिएपछि सम्पूर्ण उप-महानगरपालिकालाईनै निषेधित क्षेत्र घोषणा गरिएको हो । यो सँगै पोखरा उप महानगरपालिका भित्र अब प्लाष्टिकका झोला तथा गिलास प्रयोग गरे कार्वाही हुनेछ ।

यसअघि कालो प्लाष्टिक झोलाको प्रयोगले मानव स्वास्थ्यमा गम्भीर असर पर्ने भन्दै पोखरालाई २०६७ साउन १ गते कालो प्लाष्टिकको झोला निषेधित क्षेत्र घोषणा गरिएको थियो । पोखरालाई प्लाष्टिक झोला मुक्त नगर घोषणा गर्ने २०७० सालदेखिको तयारी तीन बर्षपछि पूरा भएको हो । उपमहानगरपालिकाका तत्कालिन कार्यकारी अधिकृत झलकराम अधिकारीले यो अभियानको सुरुवात गरेका थिए । घोषणा कार्यान्वयन का लागि बिहीवारबाट बजारमा अनुगमन टोली परिचालन गरिने र निषेधित बस्तु फेला पारेमा स्थानीय स्वयत्त शासन ऐन अनुसार कार्वाही गर्ने उपमहानगरपालिकाका कार्यकारी अधिकृत नवराज ढुङ्गानाले बताए । उनका अनुसार निषेधित बस्तु प्रयोग गरेको पाइएमा कसुरको मात्रा हेरेर पाँच देखि १५ हजार सम्म जरिवाना हुनेछ ।

पोखरा भित्रने मुख्य नाकामा पनि चेकजाँचमा कडाई गर्ने नगरपालिकाले जनाएको छ । पृथ्वी राजमार्ग अन्तर्गत विजयपुर, भूपी सेरचन राजमार्ग अन्तर्गत फेदी र सिद्धार्थ राजमार्ग अन्तर्गत स्याङ्जाको सीमा क्षेत्रमा अनुगमन गरिनेछ । पोखराका पसलहरुमा पनि कडाइको साथ अनुगमन गरिने नगरपालिकाका नगर प्रहरी प्रमुख बसन्त चालिसेले बताए । घोषणा कार्यक्रममा क्षेत्रीय प्रशासक खगराज बरालले पोखराको सौन्दर्यता जोगाउनको लागि पनि सरसफाईमा विशेष ध्यान दिनुपर्ने उल्लेख गरे । उनले स्वास्थ्य जीवन यापनका लागि पनि प्लाष्टिकजन्य पदार्थको कम प्रयोग गर्न सुझाव दिए। पोखरा उप-महानगरपालिकाका पूर्व कार्यकारी अधिकृत समेत रहेका यातायात ब्यवस्था कार्यालय गण्डकीका प्रमुख तिलक पौडेलले जीवन शैली परिवर्तन गर्न नगरवासीलाई सुझाए । कालो प्लाष्टिक झोला निषेध गरी आफूले सुरु गरेको अभियान सम्पूर्ण प्लाष्टिक झोला र गिलास निषेध सम्म पुगेकोमा उनले खुसी ब्यक्त गरे ।

पत्रकार महासंघ कास्कीका अध्यक्ष रामकृष्ण ज्ञवालीले प्रत्येक मानिसको जीवनका दैनिकी प्लाष्टिकका समानसँग जोडिएकाले यसको विकल्पमा पनि ध्यान दिनुपर्ने बताए । पोखरा उद्योग बाणिज्य संघका अध्यक्ष विश्वशंकर पालिखेले प्लाष्टिक झोला र गिलास निषेध पछि अनुगमनको नाममा ब्यवसायीलाई आतंकित पर्ने काम नगर्न आग्रह गरे ।

नागरिक समाज पोखराका संयोजक रामबहादुर पौडेलले नागरिक स्तरबाट घोषणा कार्यन्वयनको लागि प्रतिबद्ध रहेको स्पष्ट पारे । वातावरणमैत्री पोखरा बनाउन नगरिक समाज सधैं तयार रहेको उनले बताए ।

टोल विकास संस्था नगर समन्वय समिति पोखराका अध्यक्ष उज्वल खत्री, नागरिक निगरानी समुह पोखराकी अञ्जु केसी लगायतले नगरपालिकाको अभियानमा सधै साथ दिने प्रतिबद्धता जनाए ।

नगरपालिकाका इन्जिनियर महेन्द्र गोदारले प्लाष्टिकको प्रयोगले मानव स्वास्थ्य र वातावरणमा पार्ने प्रभाव बारे जानकारी गराएका थिए । कार्यक्रममा उप-महानगरपालिकाका वरिष्ठ अधिकृत ओमराज पौडेल, योजना महाशाखा प्रमुख इन्जिनियर शारदा मोहन काफ्ले लगायतले बोलेका थिए ।

कार्यक्रम अघि पोखराको चिप्लेढुङ्गाबाट निकालिएको र्‍याली सभागृहमा पुगेर टुङ्गिएको थियो । र्‍यालीमा टोल विकास संस्था, आमा समुह, अन्य विभिन्न सामाजिक संस्था, स्कुलका विद्यार्थी लगायतको सहभागीता थियो ।

यसैबीच प्लाष्टिकका झोला र गिलास निषेधित क्षेत्र घोषणा कार्यक्रममा पोखरा उप-महानगरपालिकाका सबै कर्मचारी सहभागी भएपछि बुधबार नगरपालिका कार्यालयबाट हुने सबै नियमित काम ठप्प बन्न पुग्यो। पोखरामा प्लाष्टिकका झोला तथा गिलास निषेध हुन्छ र त्यसका लागि औपचारिक कार्यक्रम समेत गरिन्छ भन्ने जानकारी गराइएपनि नपाको सबै काम नै रोकिन्छ भन्ने जानकारी कहिं कतै गराइएको थिएन। आफ्नो कामका लागि १० बजे नै कार्यालयमा नपाका सयौं सेवाग्राहीहरु काम नहुने भएपछि कतिपय निराश हुँदै त कतिपय रिसाउँदै फर्किन बाध्य भएका थिए ।

आफ्नो कामका लागि २ दिनसम्म नपाको कार्यालय धाएका कास्की पुम्दी-भुम्दीका एक सेवाग्राही रिसाउँदै भन्छन्-'काम नहुने भए जानकारी गराउनु पर्थ्यो । म हिजो (मंगलबार) पनि आएको थिएँ तर आज (बुधबार) काम हुँदैन भन्ने कुनै जानकारी थिएन । पुम्दीदेखि आउँदा मेरो समय र पैसा दुवै वर्वाद भयो ।' 'एउटा काम हुँदा सयौंको काम नै चौपट हुने यो कस्तो सुशासन ?'-उनको प्रश्न थियो । १० बजे नपाको कार्यालय पुगेका सेवाग्राहीलाई कार्यालयका कर्मचारीले 'आज हामी कार्यक्रममा जानुपर्छ, आज तपाइँको काम हुँदैन भोलि आउन्स्' भन्दै फर्काएका थिए । कार्यक्रम १ बजे सकिएको भएपनि १ बजेपछि पनि नपाको कार्यालयमा काम हुन सक्थ्यो तर काम भएन । दिनको १:३० बजेतिर कार्यक्रमबाट कार्यालयमा आएका कर्मचारीहरु काममा नलागि घामको पार तापेर चिया गफमा मस्त देखिन्थे ।

## तरुणदलको महाधिवेशनको तयारीमा तीव्रता

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २४ कार्तिक ।**

नेपाली कांग्रेसको भातृ संस्था नेपाल तरुण दलको महाधिवेशनको तयारी तीव्र पारिएको छ। महाधिवेशन यहि कार्तिक २७, २८ र २९ गते पोखरामा हुँदैछ। यसअघि पटक-पटक मिति तय भएर पनि स्थगित हुँदै आएको महाधिवेशन मंगलबार नेपाली कांग्रेसले गठन गरेको निर्देशक समितिले महाधिवेशनको प्रक्रिया अघि बढाउने निर्णय गरेपछि बुधबारदेखि नै पोखरामा महाधिवेशनको चहल-पहल बढेको छ । महाधिवशेनको प्रचार-प्रसारका लागि पोखरा र लेखनाथको विभिन्न स्थानमा करिब ३ हजार तरुण दलको झण्डा राखिने र १४ वटा स्वागतद्वार निर्माण गरिने महाधिवेशनको स्थानीय प्रचार-प्रसार उप-समितिका संयोजक प्रेमलाल पुनले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए । महाधिवेशनको प्रचार-प्रसारका लागि पोखरास्थित सबैजसो रेडियोमा समेत सूचना प्रसारण गर्न थालिएको छ । महाधिवेशनमा देशभरबाट करिब १ हजार ४ सय प्रतिनिधिका साथै अन्य कार्यकर्ता सहभागी हुने स्थानीय व्यवस्थापन संयोजक एवं तरुण दल कास्कीका अध्यक्ष मनोज गुरुङले बताए । उनका अनुसार चुनावी महाधिवेशन भएकाले उम्मेदवार बन्ने दलका नेताहरुले आफ्ना शुभचिन्तक र समर्थकहरु समेत लिएर पोखरा आउने भएकाले बाहिरबाट आउनेहरुको संख्या थप २ हजार पुग्ने अनुमान छ ।

महाधिवेशनको उद्घाटन नेपाली कांग्रेसका सभापति एवं पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले गर्ने कार्यक्रम छ। उद्घाटन समारोह लगायत महाधिवेशनको गतिविधि मा सरिक हुन पार्टीका सबैजसो नेताहरु र सरकारमा सहभागी कांग्रेसका मन्त्रीहरु पोखरा आउने भएका छन् । पार्टीका सभापति देउवालाई नेपाल राष्ट्रबैंकको गेष्ट हाउसमा बस्ने व्यवस्था गरिएको छ भने वरिष्ठ नेता रामचन्द्र पौडेललाई होटल ग्राण्डमा र पार्टीका महामन्त्री डा. सशांक कोइरालालाई अतिथि रिसोर्टमा बस्ने व्यवस्था मिलाइएको तरुण दलका केन्द्रीय सदस्य ऋषिराम काफ्लेले बताए । महाधिवेशनको तयारीका लागि पोखराको नयाँ बजारमा महाधिवशन सचिवालय स्थापना गरिएको छ । बुधबार केन्द्रीय समितिको टोलीले समेत सचिवालयमा आएर काम शुरु गरेको छ ।

यसैबीच महाधिवेशनका लागि पार्टीद्वारा गठित निर्देशक समितिको बैठक बुधबार साँझ पुन: बसेको छ । कार्तिक २४ गतेसम्म महाधिवेशन प्रतिनिधिको नाम टुङ्गो लगाउने भनिएपनि निर्देशक समितिको बैठक बसिरहेकाले अझै टुङ्गिन नसकेको बताइन्छ । केही जिल्लामा विवाद कायम रहेपनि त्यसलाई न्युनिकरण गर्दै महाधिवेशन सम्पन्न गर्न निर्देशक समितिले प्रयास गरेको छ ।

यसैबीच पोखरामा हुने नेपाल तरुण दलको चौथो राष्ट्रिय महाधिवेशनलाई लक्षित गरी बुधबार समन्वयात्मक भेला सम्पन्न भएको छ। भेलामा कांग्रेस र तरुण दलको जिल्ला समिति र एकाईका सभापति एवं पदाधिकारीहरुको सहभागी थिए । भेलाले तरुण दलको महाधिवेशनलाई सभ्य र भव्य रुपमा सम्पन्न गर्न सबै खाले सहयोग गर्ने निर्णय गरेको छ ।

भेलामा नेपाली कांग्रेस कास्कीका सभापति कृष्ण के.सीले महाधिवेशन को उद्घाटन सत्रमा सवै क्रियाशील सदस्यहरु सहभागि हुने गरी काम गर्न एकाई सभापतिहरुलाई निर्देशन दिए। 'तरुण दलको महाधिवेशन हामै कास्की जिल्लामा हुँदैछ, यो हाम्रा लागि खुशीको विषय हो', उनले भने-'यसलाई भव्य बनाउन पार्टी, भातृ संस्था, शुभेच्छुक सबै लाग्नुपर्छ।' तरुण दलका केन्द्रीय सदस्य ऋषि काफ्लेले महाधिवेशनले युवा तरुणलाई उत्साहित बनाएको उल्लेख गरे। नेपाल तरुण दल कास्कीका सभापति मनोज गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा सांसद यज्ञबहादुर थापा, कांग्रेस क्षेत्र नं १ का सभापति बृजमान गुरुङ, क्षेत्र नं ४ का सभापति पोषनाथ शर्मा लगायतले आ-आफ्नो भनाइ राखेको कास्की कांग्रेसका सदस्य नवीन सिग्देलले जानकारी दिए।

## डोनाल्ड ट्रम्प अमेरिकी राष्ट्रपतिमा निर्वाचित

**पोखरा २४ कार्तिक ।**

डेमोक्रेटिक हिलारी क्लिन्टन माथि शानदार जित हात पार्दै डोनाल्ड ट्रम्प अमेरिकी राष्ट्रपति निर्वाचित भएका छन् । निर्वाचन अघि सबै मत सर्वेक्षणहरुलाई गलत सावित गर्दै रिपब्लिकन उम्मेदवार ट्रप अमेरिकाको ४५ औं राष्ट्रपति बने । ७० वर्षका उनी अमेरिकी इतिहासका सबैभन्दा पाका राष्ट्रपति पनि हुन् ।

५३८ इलेक्टोरल अलेजमा राष्ट्रपति बन्न २७० मत चाहिन्छ । ट्रम्पले २७६ मत पाएका छन् । र, मत गणना अन्तिम तरणमा रहेको एरिजोना र मिसिगनमा उनकै अग्रता छ । एरिजोनाको ११ र मिसिगनको १६ मत थपियो भने ३०३ मत हुनेछ । यो परिणाम धेरेका लागि अप्रत्यासित हो । मतदान पूर्व भएका सबै मत सर्वेक्षणमा ट्रम्प कमजोर देखिएका थिए र हिलरी नै ह्वाइट हाउसमा जाने देखाएको थियो । तर, निर्णायक मानिएका मुख्य राज्यहरु ओहायो, फ्लोरिडा, पेन्सलभेनिया लगायतमा ट्रम्पले बाजी मारे, जसले उनलाई ह्वाइट हाउस प्रवेश गरायो । विस्कन्सिनमा ट्रम्पले हात पारेको जित पनि डेमोक्रेटहरुका लागि अर्को झड्का थियो । राष्ट्रपति चुनावको अभियान सुरु गर्दादेखि आज जितका साथ अमेरिकी इतिहासमा नयाँ अध्यय गर्दासम्म डोनाल्ड ट्रम्पले हरेक पटक आशा र सम्भावनालाई गलत सावित गरेका छन् । धेरै कम मानिसहरु मात्र मान्थे कि उनी यो दौड (चुनावी)मा सामेल हुन पाउने छन्, उनले पाए । कमै मानिसलाई लागेको थियो कि उनी प्राइमरीमा विजयी हुन्छन्, भए उनले जिते ।

कमै मानिसलाई लाग्यो कि उनी रिपब्लिकन पार्टीको नोमोनिसनसम्म पुग्न सक्छन्, उनी पुगे । र कमै मानिसले विश्वास गरेका थिए कि उनले अन्तिम प्रतिस्पर्धा जिन्छन् तर, ट्रम्प विजयी भए र विश्व आश्चर्यमा परेको छ । ट्रम्पको जितलाई लिएर अहिले अमेरिकी इतिहासको सबैभन्दा ठूलो उथलपुथलका रुपमा हेरिएको छ ।

यसैबीच अमेरिकाका नव-निर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकाको स्वार्थलाई पहिलो प्राथमिकतामा राखे पनि सबै राष्ट्रसँग उचित र निष्पक्ष व्यवहार गर्ने बताएका छन्। भर्खरै गरेको आफ्नो विजयी भाषणका क्रममा ट्रम्पले उक्त कुरा बताएका हुन्। भाषणका क्रममा उनले कुनै चर्को कुरा बोलेनन् र उनी प्रतिद्वन्दी हिलारी क्लिन्टनप्रति पनि नरम रूपमा प्रस्तुत भए। 'मलाई भर्खरै सेक्रेटरी क्लिन्टनले फोन गरिन् र हाम्रो जीतका लागि बधाई दिइन्। मैले पनि कठोर ढंगले प्रतिष्पर्धा



गरिएको अहिलेको चुनावमा उनी र उनको परिवारलाई बधाई दिएँ,' ट्रम्पले भने-'उनले पराक्रमपूर्ण ढंगले चुनाव लडिन्। उनी लामो समयदेखि कठोर परिश्रम गर्दै आएकी छन्। उनले देशलाई गरेको सेवाप्रति हामी कृतज्ञ छौं। मैले यो कुरा गम्भीरतापूर्वक भन्दैछु।'

भाषणका क्रममा उनले प्रत्येक अमेरिकी नागरिकले आफ्ना सपना र सम्भावना पुरा गर्ने अवसर प्रदान गर्ने अवस्था आफूले सृजना गर्ने बताए। 'हामीले भुलिसकेका यो देशका पुरुष र महिलालाई हामीले फेरि भुल्ने छैनौं। हाम्रा शहर र विकासका पूर्वाधार मर्मत गर्ने छौं,' उनले भने 'हामी संसारभरका सबै त्यस्ता देशसँग मिलेर अघि बढ्ने छौं जुन देश हामीसँग मिल्न चाहन्छन्।'

यसैबीच अमेरिकी राष्ट्रपति ओबामाले नवनिर्वाचित राष्ट्रपति डोनाल्ड जे ट्रम्पलाई फोन गरेर बधाई दिएका छन्। ह्वाइट हाउसले बुधबार विज्ञप्ति निकाल्दै अमेरिकी राष्ट्रपतिमा विजयी भएकोमा ट्रम्पलाई बधाई दिएका हुन्। ओबामाले बुधबार नै ह्वाइटहाउसमा निर्वाचन परिणाम र अबको कदमबारे छलफल गर्ने ह्वाइटहाउसले जनाएको छ। यसैगरी रसियाका राष्ट्रपति भ्लाद्मिर पुटिनले अमेरिकाका नवनिर्वा्चित राष्ट्रपति डोनाल्ड ट्रम्पलाई बधाई दिएका छन्। ट्रम्प राष्ट्रपति भएसँगै अमेरिका र रसियाबीच राम्रो सम्बन्ध कायम हुने पुटिनले आशा व्यक्त गरेका छन्।

यसैगरी अमेरिकाको राष्ट्रपति निर्वाचनमा बिजय हासिल गर्ने रिपब्लिकन पार्टीका डोनाल्ड ट्रम्पलाई नेपालका प्रधानमन्त्री प्रचण्डले बधाई ज्ञापन गरेका छन् । प्रधानमन्त्री प्रचण्डले बुधबार अपरान्ह ट्वीटरमार्फत ट्रम्पलाई जितको बधाई दिएका हुन् । उनले ट्वीटरमा उल्लेख गरेका छन् 'अमेरिकाको ४५औं राष्ट्रपतिको रुपमा चुनिएका डोनाल्ड ट्रम्पलाई हृदयदेखि बधाई । सफल कार्यकालका लागि पनि शुभकामना ।' यसैगरी परराष्ट्र मन्त्रालयले पनि अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पलाई बधाई दिएको छ ।

**को हुन् डोनाल्ड ट्रम्प ?**

मंगलबार सम्पन्न अमेरिकी राष्ट्रपति निर्वाचनमा धेरैको अनुमानलाई गलत सावित गर्दै अमेरिकी जनताले रिपब्लिकन

***बाँकी अन्तिम पृष्ठमा......***

गोल्डेन न्यूज राष्ट्रिय दैनिक
अनलाइनमा पढ्न र
सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज सुन्न
Log on : www .goldennews.com.np

ADMISSION OPEN
M.Sc.in
Construction Management
(2 years Program)



Eligibility: B.E in any branch, architecture & surveying from recognized university with at least 2nd division or CGPA 2.0
Entrance Examination : Mangshir 11, 2073 (Dec. 26, 2016)
Pokhara Engineering College (PEC)
(Affiliated to Pokhara University)
Phirke, Pokhara-8, Tel: 061-531209/528530
E-mail: info@pec.edu.np/www.pec.edu.np
Forms can be downloaded from the website too.

■ गोरखालीहरू साना कदका हुन्छन् तर उनीहरूमा उदम्य साहस हुन्छ ।

*- लर्ड नेपियर*

## सम्पादकीय ...

# दलहरु मिल्नुको विकल्प छैन

यतिबेला संविधान संशोधनको विषय राजनीतिक बृत्तमा निकै चर्चामा छ। संविधानप्रति असन्तुष्ट पक्षहरु संविधान संशोधनबिना स्थानीय निकायको निर्वाचनलगायतका संविधान कार्यान्वयनको एजेण्डामा प्रवेश नगर्ने र संविधान कार्यान्वयनका लागि पनि अर्को माघभित्र तीन तहको निर्वाचन सम्पन्न गरिसक्नुपर्ने अवस्थाले जतिसक्दो छिटो संविधान संशोधन गरी मुलुकमा निर्वाचनको माहोल बनाउनुपर्ने आवश्यकता पनि टड्कारोरुपमा छँदैछ। यही बीचमा संविधान संशोधनबारे सरकारले गरिरहेको तयारीका सन्दर्भमा परस्पर बिरोधी कुराहरु यसरी सतहमा आएका छन् जसले जनस्तरमा अन्योल सिर्जना गरेको छ। संविधान संशोधनका बुँदाबारे मिडिया र प्रतिपक्षले एकोहोरो सरकारले अंगीकृत नागरिकलाई राष्ट्रप्रमुखलगायत उच्च पदमा लैजान बाटो खोल्ने गरी संविधान संशोधन गर्दैछ भन्ने प्रचार गरिरहेका छन् भने सत्ताधारी दल, स्वयं प्रधानमन्त्री र केही मधेशवादी नेताले समेत अंगीकृतलाई उच्च तहमा लैजाने गरी संविधान संशोधनको प्रस्ताव आउन लागेको इन्कार गरिरहेका छन्। परस्पर बिरोधी कुराहरु सार्वजनिक हुने क्रमले तीब्रता पाइरहेकै छन्। शीर्ष तहमा भइरहेको यस्तो उठापट्कीले आम सर्वसाधारण नागरिकबीच अन्योल सिर्जना भइरहेको छ। संविधान संशोधनको पछिल्लो तयारीका सन्दर्भमा आ-आफ्ना आस्थाका दलहरुले भनेको कुराको आधारमा नागरिकहरु विभाजित भइरहेका छन्। संविधान संशोधनजस्तो मुलुकमा दीर्घकालीन असर पर्ने यस्ता कुराहमा स्वस्थ बहस हुनुको साटो यथार्थतामा पर्दा हालेर दलीय पक्ष विपक्षमा तर्क हुनुले वास्तवमा के भइरहेको छ भन्ने कुराको सत्यतथ्य थाहा पाउनबाट नागरिकहरु बञ्चित भइरहेका छन्। सरकारले अंगीकृतलाई उच्च निकायमा लैजाने गरी संविधान संशोधनको प्रस्ताव ल्याउँदैछ भन्दै बिरोधमा काठमाडौंमा प्रदर्शनसमेत शुरु भएको छ। सत्तापक्षले होइन भनिरहेको विषयको बिरोधमा नागरिकह सडक आन्दोलनमा उत्रिने अवस्थासमेत बन्नु पक्कै राम्रो कुरा होइन। सत्तापक्ष वा प्रतिपक्ष दुबैले दुईथरी कुरा गरिरहँदा दुबैप्रति नै विश्वास गर्न सक्ने अवस्था नबन्नु निकै दु:खद कुरा हो। जुन दल जति चिच्याए पनि आम जनताले कसैका कुरा पनि ढुक्कका साथ विश्वास गरिहाल्ने अवस्था छैन। राज्य पुनर्संरचनाको यो संगीन मोडमा बृहत्तर एकताका साथ अघि बढ्नुपर्ने बेला सत्यतथ्यमाथि पर्दा हालेर नागरिकतहरुसम्म विभाजनको रेखा कोर्नु कसैका लागि पनि हितकर छैन। सत्यतथ्य सूचना प्रवाह गर्ने सवालमा मिडिया पनि चुकेको छ। लगातार दुईथरी कुराहरु मिडियामा आइरहँदा अन्योलता बढ्नु स्वाभाविकै पनि हो। राष्ट्रियस्तरमा स्वस्थ बहस र सचेत नागरिक दबाब नहुँदा एजेण्डाका आधारमा सही गलत छुट्याउन चाहने नागरिकको ठूलो तप्कामा नैराश्यता बढ्नु स्वाभाविकै पनि हो। मुलुक अहिले जुन अवस्थामा छ त्यो सामान्य अवस्था पक्कै होइन। संविधान कार्यान्वयनसँगै राज्य पुनर्संरचनाको पेचिलो एजेण्डा हाम्रा अगाडि छन्। यस्तो अवस्थामा सत्ताको कुर्सीलाई केन्द्रमा राखेर गरिने राजनीतिक बेइमानी र दलीय उठापट्कीलाई दलहरुले केही समयलाई बिसाउन सकिँदैन ? नियमित निर्वाचन प्रक्रिया शुरु हुँदा प्रतिस्पर्धा गर्लान्, राजनीतिक जोड घटाउ उठापट्की सबै गर्लान् तर अहिलेलाई मुलुकलाई अघि बढाउने एजेण्डामा खुला हृदयका साथ आउन सक्दैनन् ? के हाम्रा राजनीतिक दलहरु प्रतिपस्पर्धाका लागि एक दुई वर्ष पनि पर्खन सक्दैनन् ? संविधान संशोधन बिना निर्वाचनको प्रक्रिया अघि नबढ्ने र दुई तिहाई नपुग्दै संविधान संशोधन नहुने हुँदा मुख्य तीन दलको एकता र सक्रियताबिना अहिलेको राजनीतिक समस्याबाट मुलुकले गति लिन सक्दैन। दलीय स्वार्थभन्दा माथि मुलुकको आवश्यकता र राष्ट्रिय हितलाई केन्द्रमा राखेर राज्य पुनर्संरचनाको यो संगीन बेला दलहरु एकठाउँमा आउनुको विकल्प छैन। संविधान बनाउनका लागि एक भएका दलहरु संविधान संशोधनका लागि एक भएर यसको सफल कार्यान्वयनमा अगाडि बढ्नुपर्छ। यो सिंगो प्रक्रियामा मुलुकको अहित हुने काम हुन नदिन निदाएको नागरिक समाज ब्यूँझनु पर्छ। आग्रह पूर्वाग्रहभन्दा माथि उठेर राष्ट्रिय अभिभारा पूरा गर्न सकिएन भने इतिहासले कसैलाई क्षमा गर्नेछैन।

## आजको पञ्चाङ्ग

**मिति २०७३ साल कार्तिक २५ गते बिहीबार, तदनुसार नोबेम्बर १० सन् २०१६, श्रीशाके १९३८, नेपाल संवत् ११३७, सौम्यनामक: संवत्सर:, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। शरद ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार कार्तिकशुक्लपक्ष चलिरहेको छ। सौरमान अनुसार आज कार्तिकशुक्लपक्षको दशमी तिथि अहोरात्र रहनेछ। आज सूर्य वृश्चिक राशिमा, चन्द्रमा मकर राशिमा अहोरात्र रहनेछ। आज दिनमान २७ घटि १२ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर २० मिनेटमा रावण मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर २० मिनेटमा हुनेछ।**

## आजको राशिफल

**मेष** : मान्यजनबाट सहानुभूति मिल्ने, व्यापारिक कार्य सफल रहनेछ, साहित्य क्षेत्रबाट सफलता मिल्नेछ दिन शुभ छ ।

**वृष** : दाजुभाई बीच मनमुटाव हुन सक्नेछ, दैनिक उपभोग्य सामग्रीको अभाव, शुरु गरेको कार्यहरु रोकिनेछन् ।

**मिथुन** : कृषि कार्यबाट लाभ पाइने, मेहनत गरेको धन हात लाग्ने, इष्टमित्रको सहयोगले अधुरा कार्य पूरा हुने ।

**कर्कट** : आर्थिक लेनदेनमा विवाद हुनेछ, अनावश्यक कार्यमा दिन बित्नेछ, पठनपाठन क्षेत्र अस्तव्यस्थ हुने, दिन खराब छ ।

**सिंह** : नयाँ व्यवसाय गर्नतिर मनजान सक्नेछ, पारिवारिक समस्या सुल्झिनेछ, सामाजिक कार्यमा सम्मान मिल्नेछ ।

**कन्या** : आफ्नो रोजाइको कार्यमा अरुको विरोध, नेतृत्व कार्य असफल, टाढाको यात्रामा सावधानी अपनाउनु पर्नेछ ।

**तुला** : भूमि सम्बन्धी विवाद, महत्वपूर्ण कार्यक्रम स्थगित हुनेछ, सुनचाँदी कारोबारमा मन्दी आउन सक्नेछ ।

**वृश्चिक** : शत्रुबाट मानसिक पीडा थपिनेछ, पारिवारिक झगडाले ठूलै रुप लिनेछ, आफन्तबाट विशेष कार्यमा धोका हुनेछ ।

**धनु** : मित्रको सहयोगले ठूलो काम सम्पन्न, वैदेशिक रोजगारको अवसर मिल्ने, स्त्रीपक्षबाट सुख प्राप्त हुनेछन् ।

**मकर** : व्यापार व्यवसायबाट घाटा, स्वास्थ्यमा एक्कासी खराबी, अनावश्यक मानसिक चिन्तन र थकाइ बढ्नेछ ।

**कुम्भ** : रोजगारीबाट आत्मसन्तुष्टि मिल्ने, नयाँ मित्रसंग भेटघाट, मानसम्मानको अवसर प्राप्त हुनेछ, समय शुभ छ ।

**मीन** : सरकारी सहयोग मिल्ने, नयाँ साथीसँग सम्बन्ध गाँसिने, सामाजिक सक्रियता बढ्नेछ काममा सक्रियता बढनेछ ।

**राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९**

# हाम्रो सार्वभौमिकताको अकुण्ठित प्रयोगको सर्त



अमित ढकाल

चीन र भारतसँग हाम्रा सम्बन्धका आयाम फरक छन्। हामी भारतसँग १ हजार ७ सय किलोमिटर लामो र खुला सीमाबाट जोडिएका छौं। आवतजावत पूरै खुला छ। हामी सामाजिक, आर्थिक, सांस्कृतिक र भौगोलिक रूपले आपसमा यति धेरै जोडिएका छौं, हाम्रो सम्बन्धलाई कसरी समयानुकूल बनाउने प्रश्न सधैं प्रमुख हुने गर्छ। चीनसँग भने हाम्रो भौगोलिक पहुँच बनेकै छैन। भुइँचालोले तातोपानी नाका क्षतिग्रस्त बनाउनेबित्तिकै चीनसँगको हाम्रो व्यापारको अधिकांश हिस्सा समुद्री मार्ग र भारतीय भू-भागबाट सञ्चालन हुने गरेको छ। भौगोलिक पहुँच नै यति कमजोर रहेसम्म उत्तरी छिमेकीसँग हाम्रो आर्थिक सम्बन्ध कसिलो हुने कुरै भएन। त्यसैले, चीनसँगको अहिलेको हाम्रो प्रमुख विषय भौगोलिक पहुँच कसरी बढाउने भन्ने नै हो।

भौगोलिक पहुँच वृद्धिका लागि सडक र रेलमार्ग बनाउने कुरा पैसाको विषय मात्र होइन। भारतसँग हाम्रो आवतजावत यति सहज र सरल हुँदा हामीले चीनसँग भौगोलिक पहुँच किन बढाउन सकेनौं? चीनले काठमाडौंबाट करिब १५० किलोमिटर उत्तर केरुङसम्म दुई लेनको पक्की सडक ल्याइसक्दा हामीले रणनीतिक महत्वको केरुङ नाकासँग जोड्ने हाम्रो सडकको स्तरोन्नति किन गरेनौं? हामीलाई उत्तरसँगको पहुँच आवश्यक नभएको होइन, तर हाम्रो आवश्यकताका बाबजुद हामीले त्यो पहुँच विकास गर्न सकेनौं वा चाहेनौं! भूराजनीतिको विषय यहीँनेर आउँछ।

म आफ्नो बाल्यकालको राजनीतिक चेतनासँग जोडेर विषय उठान गर्न चाहन्छु। जनमत संग्रह हुँदा म ८-९ वर्ष नाबालक थिएँ। परिवारका सदस्यहरूसँगै जुलुसमा 'आधा रोटी खान्छौं, प्रजातन्त्र ल्याउँछौं' भन्दै हिँडेको याद छ। ठूलाहरूमाझ चर्चा हुने गरेको अर्को विषय पनि मेरो दिमागमा ताजै छ-भारतले सिक्किम 'खायो' रे! वामपन्थी राजनीति तीव्र रहेको मेरो जिल्ला झापामा राजनीतिक नेता-कार्यकर्तामाझ 'नेपाल पनि भारतले खान खोज्दैछ रे' भन्ने खुबै चर्चा चल्ने गर्थ्यो। देश पनि कसरी खान्छन्? यो प्रश्न मेरो बालमस्तिष्कमा खुब घुम्ने गर्थ्यो त्यो बेला। सिक्किम भन्ने देश मेरो मस्तिष्कमा सानैदेखि खुब गढेको थियो। पछि पढ्दै जाँदा थाहा भयो, आफ्नै आर्थिक र सामरिक शक्ति नभएका हिमाली भेगका पाँच अधिराज्य (काश्मिर, तिब्बत, नेपाल, सिक्किम र भुटान) मध्ये धेरै आफ्नो अस्तित्व जोगाउन असमर्थ भएका रहेछन्। कश्मिर भारतमा मिसियो, तिब्बत चीनमा गाभियो, सिक्किम भारतमा विलय भयो, भुटान झन्डै झन्डै आंशिक स्वतन्त्रता र सार्वभौमिकताको हैसियतमा छ। ती पाँच हिमाली अधिराज्यमध्ये नेपालले मात्र आफ्नो स्वतन्त्रता र सार्वभौमिकता जोगाएर राख्न सफल भएको छ।

नेपालले आफ्नो सार्वभौमिकता जोगाउन सक्नुका पछाडि तीन कारण प्रमुख छन् भन्ने लाग्छ। पहिलो, इस्ट इन्डिया कम्पनीसँग नेपाली राज्यको राम्रो सम्बन्ध। भारत त ब्रिटिस साम्राज्यको उपनिवेश नै थियो, तर चीनमा पनि बेलायतको सानो दबाब थिएन। चीन पश्चिमा राष्ट्रहरूको पूर्ण उपनिवेश कहिल्यै नबने पनि पहिलो र दोस्रो अफिम युद्धमा चीनको पराजयपछि त्यहाँ बेलायत र पश्चिमाहरूको लामो समयसम्म आधिपत्य स्थापित भएको थियो। सुगौली सन्धिपछि नेपालको भने बेलायतसँग विस्तारै राम्रो सम्बन्ध स्थापित भयो। राणाहरूले भारतमा स्वतन्त्रताको पक्षमा भएका विद्रोहहरू दबाउन नेपाली सेना नै पठाएर इस्ट इन्डिया कम्पनीलाई सघाए। नेपाल-बेलायत सम्बन्धको यही मनोवैज्ञानिक प्रभाव चीन र भारतलाई धेरै हदसम्म परेको हुनुपर्छ।

दोस्रो, नेपालीले पहिलो र दोस्रो विश्वयुद्धमा ब्रिटिस साम्राज्यका तर्फबाट धेरै ठाउँमा युद्ध लडे। नेपालीहरूको युद्धकला र लडाकुपन स्थापित भयो, कतिपय सन्दर्भमा मिथक नै बने। अरू मुलुकका लागि त गोर्खालीहरू त्यति समर्पण र कौशलका साथ लड्छन् भने आफ्नै मुलुकको पक्षमा उनीहरू कति वीरताका साथ लड्लान् भन्ने प्रश्न कुनै पनि मुलुकका सेनासामु पक्कै खडा भएको हुनुपर्छ। गोर्खालीको वीरताका कारण नै भारत बेलायतबाट स्वतन्त्र हुँदा दुवै मुलुकले गोर्खाली सैनिक आपसमा बाँडेर राखे। आफ्नो सेनामा ठूलो संख्यामा गोर्खाली फौज कायम राखेको स्वतन्त्र भारतले नेपालको स्वतन्त्र अस्तित्वमाथि दागा धर्न सजिलो थिएन। भारतीय सेनामा गोर्खाली रेजिमेन्टको प्रभाव हामीले यसपालिको नाकाबन्दीमा पनि देख्यौं। नाकाबन्दीको विपक्षमा भारतमा प्रकाशित सीमित लेखहरूमध्ये सबैभन्दा शक्तिशाली लेख गोर्खा रेजिमेन्टका पूर्व जर्नेलहरूकै थिए। भारतीय राज्यले नेपालमाथि नाकाबन्दी लगाएर आफ्नै आधारभूत राष्ट्रिय हितमाथि नै सम्झौता गरेकोसम्म आरोप गोर्खा रेजिमेन्टका पूर्व जर्नेलहरूले लगाए। नाकाबन्दी अन्त्यका लागि सबैभन्दा ठूलो लबिङ र भूमिका पनि भारतीय सेनाले नै खेलेको थियो। आफ्नै सेनामा हजारौं नेपाली सैनिक भर्ती गरेको भारतलाई नेपालको स्वतन्त्र अस्तित्वबिरुद्ध सोच्न सजिलो थिएन।

तेस्रो, दुई ठूला राष्ट्रहरूबीच नेपालको अवस्थिति र दुवै राष्ट्रका लागि त्यसको रणनीतिक महत्व नेपालको स्वतन्त्र अस्तित्वका लागि अर्को महत्वपूर्ण 'फ्याक्टर' हो। भारत र चीनबीच नेपाल नहुँदो हो त यति लामो सीमाको व्यवस्थापन र निगरानीका लागि दुवै मुलुकले वार्षिक अर्बौं रुपैयाँको आर्थिक व्ययभार बोक्नुपर्थ्यो। पूर्व भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरुले हिमालयलाई आफ्नो 'सुरक्षा फ्रन्टियर' त्यसै भनेका होइनन्।

मूलत: यिनै तीन कारणले नेपालले आफ्नो स्वतन्त्र अस्तित्व त जोगाउन सफल भयो, तर भारत र चीनसँग सन्तुलित सम्बन्ध कायम राख्न सकेन। सामाजिक, सांस्कृतिक, भौगोलिक, आर्थिक र राजनीतिक कारण पक्कै छन्, जसले हामीलाई भारत सन्निकट राख्यो। भारतले भने यही निकटताको फाइदा उठायो, अझ दुरुपयोग नै गर्‍यो। एउटा निकट मित्रको भूमिका नाघेर भारत एउटा नियन्त्रकको भूमिकामा ओर्लियो, चाहे त्यो नेपालको आन्तरिक राजनीतिका सवालमा होस् वा नेपालको बाह्य सम्बन्धका सवालमा।

भारत हाम्रो आन्तरिक राजनीतिमा चलखेल गर्छ, हरेक राजनीतिक पार्टीमा घुसपैठ गर्छ, नेपालले चीनसँग सम्बन्ध नबढाओस् भनेर हरप्रयत्न गर्छ। अर्थात् नेपालको सार्वभौमिकता नियन्त्रित र कुण्ठित गर्न खोज्छ। जव नेपाल आफ्नो नियन्त्रण 'बाहिर' जान लागेको भान भारतलाई पर्छ उसले नाकाबन्दीको ब्रह्मास्त्र चलाउछ। यहाँनिर हामीले प्रस्ट हुनुपर्ने दुइटा विषय छन्।

भारतसँग निकट सम्बन्ध हाम्रो हितमा छ। भूगोल, संस्कृति, खुला आवतजावत, बिहेबारी र आर्थिक सम्बन्धले जोडिएर जसरी नेपाल र भारतबीच एउटा विशिष्ट सम्बन्ध स्थापित भएको छ, हामी त्यसलाई निर्वाह गर्न र अघि बढाउन चाहन्छौं। नेपाल र भारतबीचको यो विशिष्ट सम्बन्ध हामीले चाहेर पनि अर्को मुलकसँग स्थापित गर्न सम्भव छैन। किनभने, भारतजस्तो अर्को मुलुक नै छैन। त्यसैले भारतले सशंकित हुनुपर्ने केही छैन।

यति हुँदाहुँदै त्यही विशिष्ट सम्बन्धको अभिन्न अंशका रुपमा नेपालमाथि नियन्त्रणको आफ्नो हक रहेको भारतले ठान्ने गरेको छ। एउटा स्वाधीन राष्ट्रको आन्तरिक राजनीति र बाह्य सम्बन्ध नियन्त्रित गर्ने भारतको चेष्टा हामीलाई अस्वीकार्य छ। हामीले स्थापित गर्न खोजेको हाम्रो सार्वभौमिकताको अकुण्ठित प्रयोग हो। तर इतिहासको कटु सत्य के हो भने, भारत स्वतन्त्र भएदेखि आजसम्म हामीले त्यस्तो प्रयोग गर्न पाएका छैनौं।

नेपालका लागि चीनको महत्व र अर्थ यहीँनेर छ। हाम्रो स्वतन्त्र अस्तित्वका लागि जसरी चीन र भारत 'सन्तुलनकारी शक्ति' हुन्, त्यसरी नै यी दुई मुलुकसँग हाम्रो सन्तुलित सम्बन्ध नेपालको सार्वभौमिकताको अकुण्ठित प्रयोगका लागि पनि अनिवार्य सर्त हो। भारतले नेपालमाथि लगाएको तेस्रो नाकाबन्दीले हामीलाई त्यो अवसर दिएको छ। त्यसको हामी कति सदुपयोग गर्न सक्छौं भन्ने परीक्षणमा अहिले नेपाल छ। पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले चीन भ्रमण गर्दा गरेका सन्धि, सम्झौता र सहमतिको सफल कार्यान्वयनले भारत र चीनसँगको सम्बन्धलाई सन्तुलनको दिशामा अग्रसर गराउँछ। दुवै देशमा एकैपटक प्रधानमन्त्रीका दूत पठाएर सम्बन्ध सन्तुलित हुने होइन। दक्षिणतर्फ दूत पठाउँदा उत्तर पठाउनैपर्ने वा उत्तर पठाउँदा दक्षिण पठाउनैपर्ने हाम्रो बाध्यताले हाम्रो स्वाधिनता र स्वतन्त्रताको खिल्ली मात्रै उडाउँछ। चीनसँग भएका सन्धि-सम्झौताको कार्यान्वयन अहिले सन्तोषजनक गतिमा अघि बढेको छैन। पारवहन सन्धि कार्यान्वयनका लागि प्रोटोकलको मस्यौदा तयार भएको छ, जसमा द्विपक्षीय छलफल र सहमति बाँकी नै छ।

पारवहन सन्धि कार्यान्वयनका लागि पनि हामीलाई भौगोलिक पहुँचको आवश्यकता पर्छ। नेपाल र चीनलाई भौगोलिक हिसाबले जोड्ने तीनवटा महत्वपूर्ण सहमति र सम्झौता ओलीको चीन भ्रमणका समयमा भएका छन्, काठमाडौंलाई केरुङसँग जोड्ने रेलमार्ग निर्माण, नेपाल-तिब्बत प्रसारण लाइन र किमाथांका-हिले दुईलेनको सडक निर्माण। यी सहमतिको कार्यान्वयनका लागि नेपालले अहिलेसम्म औपचारिक प्रस्ताव पठाएको छैन। प्रस्ताव नगएसम्म यी परियोजनामा अन्तिम हस्ताक्षर हुन बाँकी नै रहनेछ। चीनसँगको हाम्रो भौगोलिक पहुँच नबढेसम्म भारतसँगको हाम्रो सम्बन्ध आपसी सम्मानमा आधारित र सन्तुलित बन्न सक्ने छैन भन्ने इतिहासले पटकपटक प्रमाणित गरेको छ।

त्यसैले, उदाउँदो आर्थिक महाशक्ति चीनसँग हाम्रो भौगोलिक पहुँच र सघन आर्थिक सम्बन्धको विषय हाम्रो सार्वभौमिकता र स्वाधिनताको पूर्ण प्रयोगसँग जोडिएको छ।

स्रोत : सेतोपाटी

# जनताको अपेक्षामा सरकार नकाम

प्रेमचन्द्र झा

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्व सरकार जनअपेक्षा पुरा गर्न नकाम सावित भएका छन् । पुष्पकमल दाहाल प्रधानमन्त्री भएपछि जनताले ठूलो आशा त होइन तर देशमा केही हुन्छ भने विश्वास राखेका थिए । नेकपा माओवादी केन्द्रका अध्यक्षको मात्र उनीसंग हैसियत थिएन । एक नैतिकवान पूर्व प्रधानमन्त्रीको हैसियतमा समेत अध्यक्ष दाहाल थिए । नेकपा एमाले अध्यक्ष एवं तत्कालिन प्रधानमन्त्रीको कार्य शैलीबाट सत्ता र विपक्ष सबै जनता तथा नेता दिक्क भईसकका थिए । तत्कालिन प्रधानमन्त्री ओलीको साथमा कडा बोली र अन्धो राष्ट्रवाद धारका जनता बाहेक केही बाँकी थिएन । अन्त: नेकपा माओवादी केन्द्रले कुरा बुझेपछि तत्कालिन ओली सरकार ढेर भयो ।

नेकपा एमाले अध्यक्ष एवं तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओली सत्ता छाड्न लाग्दा गोहीको आँशु बगाए । ओलीलाई त्यसबेला आफू मात्र राष्ट्रवादी बाँकी सबै विचलनवादी तथा दोश्रो दर्जाको नागरिक हो भन्ने लागेको थियो । आफूले गरेको गर्न भनेको काममात्र राम्रो अरुले गरेको वा गर्ने काम महत्वहिन झै उनको बोली बचन व्यवहारले लाग्दथ्यो । तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओली माथि संसदमा दर्ता भएको अविश्वासको प्रस्तावमा मतदान हुनु भन्दा पहिले गरेको सम्बोधनबाट स्पष्ट हुन्छ । ओलीलाई त्यसबेला लागेको कुरा हदसम्म उनको विचारमा ठिकै थियो किन भने प्रधानमन्त्री पुष्पकमल दाहाल यता तिर आएर धेरै जसो कुरा अष्पट देखिनु भएको छ । प्रधानमन्त्री दाहालसंग जन आशा राखेर कांग्रेस लगायत दलले सत्ता साझेदारी गरेका थिए सबै निराश भएका छन् । यसका प्रमुख जिम्मेवार स्वयं प्रधानमन्त्री दाहाल हुनुहुन्छ । प्रधानमन्त्री दाहाल पदबहाल गरेलगतै गरेको प्रतिबद्धता स्वयं उहाँले विर्सन थाले पछि जनता आशा छोडन थालेका छन् । प्रधानमन्त्री दाहालले पद बहाली गर्ने बेलामा भूकम्पपीडित, मधेशका जनता र नेताले उठाएका उचित माग सम्बोधन र संविधान कार्यान्वयनको कुरामा जोड दिनु भएको थियो । तर जेनतेन भूकम्प पीडितको माग सुनुवाई गर्न सरकार प्रयासरत्त रहेपनि बाँकी प्रमुख दुईवटा कुरामा खासै चासो नलिएको देखिन्छ ।

प्रधानमन्त्री दाहालले साँचै नै मधेशको विषयलाई महत्व दिएको भए महिना १५ दिन पहिलै व्यवस्थापिका संसदमा मधेशवादीले चाहेको जस्तो संशोधन प्रस्ताव दर्ता गराई सकेको हुन्थ्यो । सरकार मधेशप्रति गम्भीर छैन । प्रधानमन्त्री दाहाल कै पछिल्लो क्रियाकलापले पुष्टि गर्न लागेका छन् । सदनमा मधेश वहसको विषय बन्नुपर्ने ठाउँमा अन्य कुरा जोडदार रुपमा प्रवेश पाएका छन् । त्यसका प्रमुख योजनाकार प्रधानमन्त्री दाहाल स्वयं अध्यक्ष रहनुभएका नेकपा माओवादी केन्द्रका नेताहरु पहिले र हाल प्रधानमन्त्री दाहाल पनि नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली संग सहकार्य गरी जोडदार रुपले अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख लोकमान सिंह कार्की उपर महाअभियोग लगाउने विषयलाई उचाई दिईरहेका छन् । जसले गर्दा मधेशी जनता आफ्ना विषय गौन हुँदै गएको आभास गर्न थालेका छन् । मधेशको मागलाई पुरा गर्न संविधान संसोधन गर्ने पुनित बेलामा लोकमान सिंह कार्की प्रकरणलाई ल्याएर विषयन्तर गर्न लागेको चाल पाएर मधेशवादी दलका नेता घरको न घाटको भएका छन् । पुष्पकमल दाहाललाई प्रधानमन्त्री हुने बेलामा भोटिङ्ग गरेर उनीहरुलाई अहिले पछताउनु सिवाय अरु कुरा मनमा आईरहेका छैन । सदनमा दर्ता भएको महाअभियोग प्रस्तावको पक्षमा जानेकी विपक्षमा बस्ने मधेशवादी दलका नेता निर्णय लिन सकिरहेका छैन । दुविधानमा छन् मधशेवादी दलका नेता लोकमान सिंह कार्कीलाई लागेको महाभियोगको सफलता या विफलता भन्दा मधेश आन्दोलनले चुकाएको बलिदानीको प्रतिफल को बढी चिन्ता मधेशवादी दलका नेताहरुलाई लागेका छन् ।

लोकमान सिंह कार्की एक शासक हो । शासक शासन बीचको लडाईमा मधेशवादी दल आफू शासितको कितामा मात्र खडा भएको देखाउन चाहेका छन् । पक्ष विपक्षमा गएर बदनाम गराई पछि झन भारी बोकाउने हो की भने चिन्ताले मधेशवादी दलका नेता लोकमान सिंह कार्की प्रकरणमा केही बोल्न चाहिरहेका छैनन् । लोकमान सिंह कार्की प्रकरणले जनु रुप लिए पनि मधेशका जनता र नेतालाई कुनै खासै असर पर्ने बाला छैन । यस कारणले पनि मधेशवादी नेताहरु यसमा चाँसो नलिएको हो । भारतलाई यति बेला लोकमान सिंह कार्कीको संरक्षकको रुपमा प्रचार गरेपछि मधेशवादी दलको यसमा बोल्ने इच्छा पनि मरेका छन् ।

भारतलाई यतिखेर नेपालको हरेक विषय सन्दर्भसंग जोडेर मनगढन्ते व्याख्या गर्ने चलन चलि सकेका छन् । अरु सत्ताधारी वा विपक्षी दल भारत आएको गएको हुने तर मधेशवादी दलको कुनैपनि तो भारत जान लाग्दा वा आउने वित्तिकै नाना थरी टिप्पणी हुने गर्दछन् । ठीक त्यस्तै लोकमान सिंह कार्की प्रकरणमा मधेशवादी नेताले आफ्नो स्वतन्त्र विचार वा अहिले महाभियोगको कुनै जरुरी नै थिएन भने र प्रतिक्रिया दिएका छन् किन भने मधेश र मधेशीका लागि लोकमान सिंह कार्की उपर लागेको महाभियोगको सफल र असफल हुनु भन्दा संविधानमा संसोधन धेरै महत्वपूर्ण ठानेका छन् ।

मधेशको सवाल देशको अहम सवाल बनाउने बेलामा लोकमान सिंह कार्की प्रकरणमा व्यवस्थापिका संसदलाई दुई ध्रुवमा बनाई मधेश मुद्दालाई ओझेलमा पार्ने वा टार्ने काम भएको मधेशी जनताले महसुस गरेका छन् । देशको मूल राजनीतिक धारमा मधेशको



सवाललाई ल्याई उचित सम्बोधन गरी आम मधेशी जनताको भावनालाई सम्बोधन गर्नु ठूलो चुनौती रहेका छन् । यस्तो समयमा कसरी विपक्षलाई साथमा लिएर समस्या समाधान गर्न सकिन्छ भने उपाय खोज्ने बेलामा प्रधानमन्त्री पुष्पकमल दाहाल लोकमान सिंह कार्की प्रकरण विपक्षी संग मिलेर मधेशको जनतालाई ठूलो धोका दिनु भएको छ । विपक्षीले सदनमा महाभियोग वा जे सुकै दर्ता गराएपनि नेकपा माओवादी केन्द्र र प्रधानमन्त्री दाहालले मधेशको माग मुद्धा सम्बोधन तहुन्जेल सम्म कुनै किसिमको असहज स्थिति सृजना हुने । सदनका सांसद बीच तानातान हुने खेलमा लाग्नु उचित थिएन । यिनै कामहरुले गर्दा प्रधानमन्त्री दाहालसंग मधेशका मधेशी तथा हिमाल पहालका आदीवासी जनसमुदायले राखेको अपेक्षा पुरा नहुने संकेत देखेपछि जनताको इच्छा पुरा गर्न सरकार नकाम भन्न थालेका छन् ।

*(झा, नेपाल पत्रकार महासंघ रौतहटका पूर्व अध्यक्ष हुन्।)*

# पोखरामा खानेपानी पाइपलाइन निरीक्षण

गोल्डेन न्यूज संवाददाता
पोखरा २४ कार्तिक ।

नेपाल खानेपानी संस्थान सञ्चालक समितिका अध्यक्ष डा. परमेश्वर पोखरेलले पोखरामा विस्तार भएको पाइपलाइनको निरीक्षण गरेका छन् । पोखरा-५ पर्स्याङमा खानेपानी संस्थानले विस्तार गरेको २० इन्चि पाईपलाईनको विस्तार निरीक्षण गरेका हुन् । पोखरा निवासी समेत रहेका अध्यक्ष पोखरेलले पोखरेली खानेपानी उपभोक्ताको हितमा आफू जस्तोसुकै सम्झौता गर्न तयार रहेको निरीक्षणको क्रममा वताएका थिए । संस्थानले दिनसक्ने र हुने कुनैपनि सेवामा आफू कन्जुस्याई नगर्ने बताउँदै उपभोक्तालाई जागरुक वन्न सल्लाह समेत दिए ।

विन्ध्यवासिनीदेखि जिरो किमिसम्मको पाईपलाईन विस्तारले पोखराको छोरेपाटन, विरौटा, आँखा अस्पताल क्षेत्र, सेतीपारी चाउथेसम्मको क्षेत्रमा पानीको उचित व्यवस्थापन हुने संस्थानले जनाउँदै आएको छ । निरीक्षण कै क्रममा नेपाली काँग्रेस कास्की क्षेत्र नं ३ का सभापति विजयराज आचार्यले कास्की क्षेत्र नं ३ को कुनैपनि स्थानमा खानेपानीको समस्या हुन नदिन अध्यक्ष डा. पोखरेलसंग अनुरोध गरेका थिए । आचार्यले पानी जीवनजल भएकोले कास्की क्षेत्र नं ३ को हर क्षेत्रका नागरिकलाई पानीको अभाव हुन नदिन आफूलागि परेको बताएका थिए । आचार्यले छिनेडाडा, चाउथे,



विपि मार्ग, छोरेपाटन रानीवन क्षेत्र, पोखराको मालेपाटन भित्री क्षेत्रमा पानीको अत्यन्तै अभाव रहेको भन्दै व्यवस्था गर्न संस्थानसंग अनुरोध समेत गरे ।

पाईपलाईन विस्तारमात्र नगरेर भित्रि क्षेत्रमा शाखा लाईन विस्तारगरी उपभोक्ताको हितमा सेवा गर्न धर्मस्थली खानेपानी उपभोक्ता समितिका अध्यक्ष फडिन्द्रराज पराजुलीले बताए । धर्मस्थली स्कुल र वाराही स्कुलको भित्री भागको पानीको समस्या रहेको भन्दै पराजुलीले संस्थानले छिटो भन्दा छिटो व्यवस्था गर्न आग्रह गरे । आग्रहमा सञ्चालक समितिका अध्यक्ष डा. पोखरेलले संस्थान हरप्रकारको सहयोग गर्न तयार रहेको भन्दै उपभोक्ताहरु जागरुक भई आफ्नो क्षेत्रको विकासकोलागि नगरपालिका तथा अन्य सरकारी निकायमा विकास माग्न अनुरोध गरेका थिए ।

पोखरा उप-महानगरपालिका लेखनाथ नगरपालिका सहित महानगरपालिका बन्ने तयारी भईरहेको अवस्थामा जापान सरकारले गरेको सहयोग फलदायी भईरहेको उल्लेख समेत गरे ।

खानेपानी संस्थानले जापानिज संस्था जाईकाको वस्तुगत सहयोगमा विन्ध्यवासिनी पानी ट्याङ्कीदेखि जिरोसम्म २० इन्चिको पाईपलाई विस्तार भइरहेको खानेपानी संस्थान पोखरा शाखाका कार्यालय प्रमुख ई.निरण महर्जनले जानकारी दिए ।

यसैबीच नेपाल खानेपानी संस्थान सञ्चालक समितिका अध्यक्ष डा.ईन्जिनियर परमेश्वर पोखरेलले पोखरामा खानेपानीको समान वितरण गर्न कार्यालय प्रमुखलाई निर्देशन दिएका छन् । पोखरेली उपभोक्तालाई पानीको समान वितरण नभएको भन्ने गुनासोलाई मध्येनजर गर्दै अध्यक्ष पोखरेलले पानी ट्याङ्की विन्ध्यावासिनीको समेत स्थालगत निरीक्षण गर्दै कुनै स्थानमा चौविसै घण्टा पानीको सुविधा र कुनै क्षेत्रमा हप्तादिनसम्म पानीको अभाव हुन नदिन निर्देशन दिएका हुन् ।

विकास निर्माणका क्रममा विस्तार भएका पाईपलाईनमा समेत पानीको उचित व्यवस्था गर्न पोखरा शाखा कार्यालयलाई अनुरोध समेत गरेका थिए। निर्देशन पछि कार्यालय प्रमुख निरण महर्जनले आफू उपभोक्ताका हितमा सधै लागिपरेको भन्दै भूवनोटका आधारमा वाहेक अन्य क्षेत्रमा समान वितरण गरिएको जानकारी दिए ।

महर्जनले मेन पाईपलाईनबाट वितरण गरिएको धारा वाहेक अन्य क्षेत्रमा समस्या नरहेको औंल्याए । महर्जनले सिमित जनशक्ति, स्रोत, साधन र वजेटको अभावमा सोचेजस्तो सेवा गर्न नसकिएको जानकारी दिए । खानेपानी संस्थान पोखरा शाखामा १ सय ५९ जनाको दरवन्दी रहेपनि हाल ८४ जना कर्मचारीमात्र रहेको प्रशासन प्रमुख शिवराज भण्डारीले जानकारी दिए । संस्थानले पोखरामा करिब ३७ हजार धारामा सेवा दिईरहेको विन्ध्यवासिनी इकाई कार्यालयका प्रमुख दिनेश्वरप्रसाद यादवले जानकारी दिए। यादवले पिच बाटोमा पाइप फुट्ने समस्याले पानी वितरणमा केही समस्या पैदा भएको बताए ।

# ‘बीस लाख पर्यटक भित्र्याउन सकिन्छ’

गोल्डेन न्यूज संवाददाता
पोखरा २४ कार्तिक ।

प्रदेश नंम्बर ४ को उत्तरी नाका मुस्ताङको कोरला र दक्षिणको नवलपूर नाका खुलाउँदै चिनियाँ र भारती पर्यटक आकर्षित गर्न सके यहाँ बार्षिक २० लाख विदेशी पर्यटक आउने दावी गरिएको छ । पोखरामा पर्यटनको क्षेत्रमा लामो समय काम गरेका अगुवाहरुले यस्तो दावी गरेका हुन् । त्यसका लागि भारतीय पर्यटकलाई मुस्ताङको मुक्तिनाथ हुँदै चिन तर्फ मान सरोवर र माउन्ट कैलास सम्म पुग्ने पूर्वाधार बन्नुपर्ने उनीहरुले बताए ।

यसैगरी चिनियाँ पर्यटकलाई बुद्धिष्टहरुको आस्थाको केन्द्र लुम्बिनी हुँदै बुद्ध सर्किट पुग्ने आधार तयार गर्नुपर्ने उनीहरुको भनाई थियो । पोखरामा आयोजित एक कार्यक्रममा पर्यटनक्षेत्रबाट प्रदेश नंम्बर ४ को समृद्धिमा पुग्ने योगदानका विषयमा आयोजना गरेको समृद्धि बहसमा बोल्ने वक्ताले यस्तो बताएका हुन् । त्यसका लागि सरकार र निजी क्षेत्र सँगसँगै जानुपर्नेमा उनीहरुले जोड दिए ।

कार्यक्रममा बोल्दै पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष विश्वशंकर पालिखेले चीनबाट १ करोड र भारतबाट एक करोड मानिस एक अर्को देशमा भ्रमण गर्न सक्ने आकँडा पेश गरे । ‘भारतीय पर्यटकलाई कोरला नाका हुँदै माउन्ट कैलास र मानसरोवर तथा चिनीयाँ पर्यटकलाई कोरला नाका हुँदै बुद्ध सर्किटसम्म पुऱ्याउने पूर्वाधार हामीले बनाउनु पर्छ,’ उनले भने त्यसो गर्न सकिए दुवै तर्फका बार्षिक एक एक करोड पर्यटक एक अर्का देशमा भ्रमण गर्छन र त्यस मध्य २० लाख देशको मध्ये भागमा रहेको प्रदेश नं. ४ले यहाँ ओराल्न सक्छ ।’

राष्ट्रिय पर्यटन प्रवर्द्धन संगठन प्रदेश नं. ४ का अध्यक्ष गोविन्दराज पहारीले पालिखेको भनाईलाई समर्थन गर्दै पूर्वाधार निर्माणमा जोड दिनुपर्ने बताए । राज्यले पर्यटनमैत्री वातावरण बनाउन नसकेको उनको आरोप छ । ‘भएका संरचना पनि विकासका नाउँमा ध्वस्त पारिएको छ, यसको संरक्षण गर्न राज्य नै लाग्नुपर्छ’,उनले भने-पर्यटन प्रवर्द्धनका लागि पूर्वाधार पहिलो सर्त हो ।’ आफूहरुले यहाँका पर्यटकीय क्षेत्रको प्रोफाइल तयार गराउन लागेको समेत बताए ।

नेपाल पर्यटन बोर्ड क्षेत्रीय कार्यालय पोखराका वरिष्ठ अधिकृत सूर्य थपलियाले अब संघीयतामा जाँदा यहाँको पर्यटकी स्थल र सम्भाबनाको खाका पेस गर्न आफूहरु तयारी अवस्थामा रहेको बताए । ‘संघीयताको मोडल अनुसार पर्यटन प्रवर्द्धनको थालनी भएको छ,’ उनले भने-‘उत्तरी छिमेकी चीन र दक्षिणी छिमेकी भारतमा रहेको विशाल जनसंख्याको उपयोग गर्ने गरी हामी लाग्नैपर्छ ।’ पोखरा पर्यटन परिषदका महासचिव रामु गौतमले राज्यले कृषि, पर्यटन र जलविद्युतलाई मुख्य प्राथमिकतामा राखे पनि निजी क्षेत्रकै कारण पर्यटनको विकास भएको बताए। उनले राज्यले पर्यटन प्रवर्द्धनका लागि उल्लेख्य काम नगरेको आरोप लगाए । विशेषगरी ट्रेकिङ रुटहरुमा खनिएका जथाभावी सडकमार्गले पर्यटकको बसाई अवधि घटाएकोमा उनले चिन्ता प्रकट गरे ।

पोखराको पर्यटन क्षेत्रमा हालसम्म निजी क्षेत्रबाट करिब एक खर्ब रुपैयाँ बढी लगानी भएको पर्यटन व्यवसायी बताउँछन् । पोखरामा चार सय बढी होटल संचालित छन् । पोखरामा पर्यटकलाई आकर्षित गर्ने थुप्रै पर्यटकीय स्थल छन् । पोखरा आएका पर्यटकको विशेषगरी फेवाताल, तालबाराही, डेभिडफल्स, अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय, विश्व शान्ति स्तुपा, सराङकोट, विन्ध्यवासिनी, महेन्द्रपुल, सेती नदीको खोच अवलोकनमा भिड देख्न सकिन्छ ।

# गाइपालनबाटै मासिक लाख आम्दानी !

गोल्डेन न्यूज संवाददाता
पोखरा २४ कार्तिक ।

मेहनत गरे स्वदेशमै पनि कमाउन सकिन्छ भन्ने उदाहरण कास्कीको लेखनाथ नगरपालिका-१७ खैरेनीका नीलकण्ठ पौडेलले गरेको गाईपालन व्यवसाय नै एक उदाहरण बनेको छ । उनले दूध बेचेर मासिक एक लाख रुपैयाँ आम्दानी गर्दै आएका छन्। ‘खैरेनी कृषि फार्म’ दर्ता गरी विगत सात वर्षदेखि यस व्यवसायमा लागेका पौडेलले दैनिक ११० लिटर दूध बिक्री गर्दै आएका छन्। उत्पादन गरेको दूध पोखराको सुजल डेरीले खरिद गर्ने गरेको छ । उनले अहिले १३ वटा उन्नत जातका गाई पालेका छन् । यस व्यवसायमा उनका दम्पत्ति दिनरात खट्छन् । गाईपालन व्यवसायबाटै उनले थप जमिन पनि किन्नाका साथै २० लाख रुपैयाँ खर्चेर नयाँ पक्की घर समेत बनाएका छन् । ‘सबै विदेश गएर पैसा कमाउने गरेका छन् तपाईं किन जानुभएन नि’ भनि सोध्दा आफ्नै देशमा मेहनत गरेर प्रशस्त कमाउन सकिँदोरहेछ किन विदेश जानुपऱ्यो ? भन्ने उनको जवाफ थियो । ‘एकपटक भर्ती हुन्छु भनेर भारतको गोरखपुर गएको थिएँ, बाबुआमा बिरामी भएको खबर सुनेपछि तुरुन्तै फर्केर आएँ, त्यसपछि विदेश जाने सोच कहिल्यै गरिनँ’-उनले विगत सम्झँदै भने । त्यही व्यवसायबाट तीन वटा छोरालाई निजी विद्यालयमा पढाएका उहाँका ठूलो छोराले स्नातकोत्तर, अर्कोले बिएस्सी र कान्छो छोरो ९ कक्षामा पढ्दै छ । कास्कीको सिल्दुजुरे गाउँमा जन्मिएका पौडेल आफू मुख र मुठी मात्र लिएर यो ठाउँमा आएको र छोटै समयमा यत्तिको प्रगति गर्न पाएकामा सन्तुष्ट भएको बताउँछन् । उनले अहिले घाँसका लागि १२ रोपनी जमिन भाडामा पनि लिएका छन्। सबै छोरालाई स्नातकोत्तरसम्मको उच्च शिक्षा दिने र उनीहरु सरकारी जागिरमा लागेर आत्मनिर्भर नबनेसम्म आफू यस पेशामा निरन्तर लाग्ने उनको अठोट छ ।

# गणेशमान सिंहबाट पाठ सिक्नुपर्छ–राष्ट्रपति

काठमाडौं २४ कार्तिक ।

राष्ट्रपति विद्यादेवी भण्डारीले २०४६ सालका जनआन्दोलनका सर्वोच्च कमाण्डर गणेशमान सिंहको आदर्शबाट सबैले पाठ सिक्नुपर्ने बताएकी छन् । सिंहको १०२ औं जन्मजयन्तीका अवसरमा गणेशमान सिंह तथा जनआन्दोलन सहिद स्मृति प्रतिष्ठानको आयोजनामा ‘जनआन्दोलन स्वर्ण पदक’ विभूषित कार्यक्रममा राष्ट्रपति भण्डारीले राजकीय पद र प्रतिष्ठालाई अस्वीकार गर्दै लोकतन्त्रको स्थापना र सुदृढीकरणका निम्ति अनुकरणीय योगदान गर्ने गणेशमानको आदर्शबाट सबैले पाठ सिक्नुपर्ने बताइन । ‘विसं २०४६ को जनआन्दोलनदेखि नेपाली राजनीति सहकार्यको व्यावहारिक थालनी गर्न अग्रसर रह्यो यो गणेशमानको भूमिकाले सम्भव भएको हो’’ उनले भनिन् । राष्ट्रपति भण्डारीले युवा अवस्थादेखि नै एक निर्भिक व्यक्तित्वको पहिचान बनाउनु भएका सिंह नेपाली जनताको स्मृतिमा लौहपुरुषको रुपमा स्थापित भएको उल्लेख गरिन्।

“राणाशासनको विरुद्ध विद्रोहको उद्घोष गर्दै उहाँले आफ्नो लामो राजनीतिक जीवनको क्रममा लोकतन्त्रका निमित्त राजनीतिक शक्तिहरूलाई एकताबद्ध गर्न सिंहको ठूलो योगदान छ’’ राष्टूपति भण्डारीले भनिन् । विसं २०६२/६३ को शान्तिपूर्ण जनआन्दोलनबाट नेपाललाई सङ्घीय गणतान्त्रिक बाटोमा लगेको र संविधान निर्माण भएकाले यसै भावनालाई आत्मसात् गरी संविधान को प्रभावकारी कार्यान्वयनका लागि लोकतान्त्रिक शक्तिबीच सहमति हुनु जरुरी रहेको बताएकी थिइन ।

‘संविधान कार्यान्वयनको माध्यमबाट लोकतन्त्र र राष्ट्रियताको जगमा सामाजिक-आर्थिक विकासको अभियानमा जुट्न सबैलाई आग्रह गर्दछु’’ उनले भनिन् ।

पूर्वसभामुख सुवासचन्द्र नेम्बाङले संविधानको प्रभावकारी कार्यान्वयनका लागि निरङ्कुशता विरुद्ध उभिएका राजनीतिक दलहरू एक ठाउँमा उभिनु जरुरी रहेको बताए । उनले भने-“संविधान कार्यान्वयन भएमात्र देश विकासको बाटो खुल्छ, त्यसैले संविधान कार्यान्वयनका लागि दलहरू एकजुट हुनुपर्छ ।” नेपाली काँग्रेसका नेता कृष्णप्रसाद सिटौलाले संविधान कार्यान्वयन गरेर तीन तहको निर्वाचन गराउनु प्रमुख चुनौती रहेको बताए। उनले राजनीतिक दल एकापसमा मिलेर संविधान कार्यान्वयन गरेमात्र जनप्रिय नेता गणेशमानप्रति सच्चा श्रद्धाञ्जलि हुने बताए। स्वास्थ्यमन्त्री गगनकुमार थापाले गणेशमानको चाहना राजनीतिक अधिकारपछि आर्थिक अधिकार भएकाले अब राजनीतिक अधिकारलाई टुङ्ग्याएर आर्थिक अधिकारतर्फ लम्कनुपर्ने बताए। प्रतिष्ठानका अध्यक्ष भीमसेनदास प्रधानले देशमा बन्न लागेका पूर्वाधारमा नेता तथा सहिदको नाम राखेमात्र नेता तथा सहिदप्रति सच्चा श्रद्धाञ्जलि हुने बताए ।

**सिटौलालाई जनआन्दोलन स्वर्ण पदक** : नेपाली काँग्रेसका पूर्वमहामन्त्री एवम् संविधान मस्यौदा समितिका सभापति कृष्णप्रसाद सिटौलालाई जनआन्दोलन स्वर्ण पदक प्रदान गरिएको छ । सिंहको १०२ औं जन्मजयन्तीका अवसरमा १२ बुँदे शान्ति सम्झौतादेखि संविधान निर्माणसम्म महत्वपूर्ण भूमिका खेलेको भन्दै सिटौलालाई सम्मान गरिएको हो । सिटौलाले तत्कालीन राजा ज्ञानेन्द्रको प्रतिगमनविरुद्धको संयुक्त आन्दोलनको संयोजकको रुपमा महत्वपूर्ण भूमिका खेल्नुका साथै विघटित प्रतिनिधि सभा पुन:स्थापना गराउन उल्लेखनीय भूमिका निर्वाह गरेका थिए। सिटौलालाई राष्ट्रपति भण्डारीले स्वर्ण पदक, प्रमाणपत्र र दोसल्लाद्वारा सम्मान गरेकी थिइन। रासस

# मझेरीपाटनमा आगलागी

गोल्डेन न्यूज संवाददाता
पोखरा २४ कार्तिक ।

पोखरा-१४ मझेरीपाटनमा ग्याँस लिग हुदाँ एक घरमा आगलागी हुदाँ भौतिक क्षति भएको छ । साँझ ५:३० बजेको समयमा लिला कार्कीको घरमा अगलागी भएको हो । रेगुलेटरबाट ग्यास लिग भएका कारण आगलागी भएको हुन सक्ने स्थानियले बताएका छन् । आगलागीबाट घर, घरमा भएका सामाग्री नष्ट भएको प्रत्यक्षदर्शीले सफल न्यूजलाई जानकारी दिए । क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको मापदण्ड भित्रै रहेको पुरानो उक्त घरमा आगलागी भएको हो । घरमा केही नभएको समयमा आगलागी भएका कारण मानवीय क्षति हुन नपाएको स्थानीय बासिन्दाले जानकारी दिए ।

अनेक समस्या सफल उपचार
ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
यौन समस्या:- सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
हामीकहाँ पियार एसाभरा जुस पाइन्छ ।
महिला सम्वन्धि समस्या
महिनामारी गडवढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वोदिक पद्दतिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।
दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ।
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दु:खाई ठिक पार्ने मसाज तेल ।
शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फ्रि होम डेलिभरि
फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८

“रंगहरूको अन्तिम गन्तव्य”
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
एशियन पेन्टस्, रोयल ईस्पायराका साथै सिपेजको समस्या सावधान, वाटर प्रुफिङ गरिन्छ ।
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

विदेश जानेहरूका लागि सुवर्ण अवसर
Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
हाम्रा विशेषताहरू :-
तयारी कक्षा धमाधम चलिरहेको छ ।
❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराईने ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल
सम्पर्क | फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट २०० मिटर तल (स्याङ्जा जाने बाटो)
होटल दिपमाला संगै
फोन:०६१-५५०२५२, मो. ९८४६०४१४९२

# कास्कीमा धान उत्पादन पाँच प्रतिशतले वृद्धि

पोखरा २४ कार्तिक ।(गोल्डेन)

कास्कीमा यस बर्ष ८८ हजार ८ सय ३०.५ मेट्रिकटन धान उत्पादन हुने भएको छ । जिल्ला कृषि विकास कार्यालय कास्कीले दिएको जानकारी अनुसार उक्त धान उत्पादन गत बर्षको भन्दा ५ प्रतिशतले बढेको हो । गत बर्ष कास्कीमा प्रति हेक्टर २६ दशमलव ५० मेट्रीकटन धान उत्पादन भएको थियो भने ८४ हजार ६ सय ८० मेट्रिकटन धान उत्पान भएको कार्यालयले जनाएको छ । जिल्ला कृषि विकास कार्यालय कास्कीका कृर्षि प्रशासन शाखाका प्राविधि सहायक सुकदेव सुवेदीले बताए । कास्कीमा हाल २६ हजार ५० हेक्टर खेतमा धान खेति हुदै आएको कार्यालयले जनाएको छ । तीन वर्षअघि २७ हजार हेक्टर क्षेत्रफल रहेकोमा पछिल्लो क्रममा भवन तथा घरहरु निर्माण भएकोले सो क्षेत्र घट्दै गएको छ । यसपालि लगातार धेरै बर्ष भएको, प्राकृतिक प्रकोप खासै नपरेको, समयमै रोपाइँ भएको, कृषि प्राविधिक सेवा प्रभावकारी भएकोले तथा उन्नतजातको धान रोपेका कारणले गर्दा पनि अघिल्लो बर्षको तुलनामा धान उत्पादनमा बृद्धि भएको कृषि कार्यालयले जनाएको छ । कास्कीमा बढी लोकप्रिय पोखरेली जेठो बुढो धान रहेको छ । यो धानको चामल नरम, वास्नादार, स्वादिलो भएका कारण धेरै उपभोक्ताहरुले बढी मन पराउने गर्दछन । तर पछिल्लो समय यो धान लोपोन्मुख अवस्थामा पुगेको छ। पामे, ठूलाखेत, चापाकोट, कुँडहर, विरुवा चाउथे, आर्वा, गुडुवाफाँट, धारापानी, अर्मला, लेखनाथको शिशुवा लगायतको क्षेत्रमा पोखरेली जेठोबुढो धान उत्पादन हुने गर्दछ । कास्कीमा लोकलजातका धानमा सुधारिएको जेठोबुढो, पोखरेली मसिनो (पहेले),गुर्द्री, मनसारा, आपझुत्ते हुन् । त्यस्तै उन्नत जातहरुमा मकवानपुर १, राधा ४, सावित्री, खुमल ८, खुमल १०, रामधान रोपिन्छ । हाइब्रिड जातमा पृथ्वी, यूएस तीन सय १२, लोकनाथ च्याम्पियन, गोरखनाथ यी धान विदेशबाट आयात हुन्छन् । यी धान विदेशबाट आयात गरेपछि विउ उत्पादन गर्ने सुवेदीले बताए । त्यस्तै चैते धानमा सिएस ४५, हर्विनाथ १ धान रोपिन्छ ।

गुणस्तर जातमा जर्नेली, मसिनो लगाइन्छ भने लेकाली धानमा झिनुवा, पारीवाल्ले, थुम्रुङलोकल, लुम्ले दुई लगायतका धानका जातहरु पनि लगाएको पाइन्छ ।

# राष्ट्रिय परोपकार महासंघमा अधिकारी

पोखरा २४ कार्तिक ।

राष्ट्रिय परोपकार महासंघ कालिका-४ गाउँ इकाइको प्रथम अधिवेकशन सम्पन्न भएको छ । इकाइका अध्यक्ष विश्वरमण अधिकारीको सभापतित्वमा सम्पन्न अधिवेशनले पुन: विश्वरमण अधिकारीको अध्यक्षतामा १० सदस्यीय नयाँ कार्यसमितिको चयन भएको छ । समितिको उपाध्यक्षमा प्रेमनाथ अधिकारी, सचिवमा माधव पौडेल, कोषाध्यक्षमा विष्णुमायाँ पौडेल, सदस्यहरुमा डम्बर बहादुर नेपाली, रामकृष्ण अधिकारी, केदारनाथ अधिकारी, रामबहादुर भुजेल, लेखनाथ भण्डारी, नारायण प्रसाद त्रिपाठी र वलाराम पौडेल रहेका छन्। प्रमुख अतिथि एवम् महासंघका केन्द्रीय सदस्य गणेश अधिकारीले नव निर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई सफल कार्यकालको शुभकामना दिँदै परोकार महासंघको उद्देश्यका वारेमा चर्चा गर्दै कालिका ४ इकाइले पनि सोही अनुसार विभिन्न सामाजिक जुट्न आग्रह गरेका थिए भने सचिव माधव प्रसाद अधिकारीले संचालन गरेको लेखनाथ-५ वडा इकाइ समितिका सचिव असिम खाती क्षेत्रीले जानकारी दिएका छन् ।

खुशीको खबर !

के तपाईलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, वाथ, शुक्री, बाँझोपन हटाउने, ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।*
अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९

पोखरामा पहिलो पटक
यौनबर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुवैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, नुपाङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
ढाँड तथा जोर्नी दुखाई ठिक पार्न, सन्धी सुधा पेनलिल।
❖ अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्वल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
फ्रि होम डेलिभरी

सेक्युरिटी गार्डमा वैदेशिक रोजगारमा जानको लागि तालिमको सुवर्ण अवसर
Abudhadi को Spark middle Cast Star Skill Force, UAE को DPS, कतारको Group-4, बहराईन, मकाउ लगायतका देशहरुमा सेक्युरिटी गार्डमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको Diplomatic सेक्युरिटी गार्ड तालिम, अग्रेजी भाषा र अन्तरवार्ताको तयारी कक्षाहरु सञ्चालन भइरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गरि आफ्नो सुनौलो भविष्यको सुनिश्चित गर्नुहोला।
हाम्रो विशेषताहरू :
❖१००% उत्तीर्ण गराउन सफल।
❖छोटो समयमा नै ख्याती प्राप्त गुणस्तरीय तालिम।
❖DPS र PSBD का Objective Questions Answer को प्राक्टिकल र मोडल Questions Answer को अध्ययन गराइने।
सम्पर्क
आर्मोर ग्रुप सेक्यूरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि
पृथ्वीचोकबाट १०० मि. तल एयरपोर्ट जाने बाटोमा
(मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा इलेक्ट्रोनिक्स भवन -तल्लो तलामा)
फोन नं. ०६१-५३०७२४, मो.९८४६३५५३४२,९८०६७०८२४६

# स्वदेशी एवं विदेशी पर्यटकको आकर्षण केन्द्र 'सिक्लेस'

**पोखरा २४ कार्तिक ।**

कला, संस्कृति र अनुपम प्रकृतिका कारण स्वदेशी एवम् विदेशी पर्यटकको आकर्षण बन्दै गएको छ कास्कीको पर्यटकीय गाउँ सिक्लेस । गुरुङ कला संस्कृतिको जीवन्त अनुभव गर्न पाइने समुद्री सतहबाट दुई हजार मिटर उचाइमा रहेको यो गाउँ लमजुङ हिमालको काखमा लुट्पुटिएको छ । वरिपरिको हरियो वनजङ्गलका कारण सिक्लेसमा चरा र वन्यजन्तुप्रेमी रमाउने गरेका छन्। स्थानीय समाजसेवी सुरजकुमार गुरुङका अनुसार यो गाउँमा हाल लगभग चार सय कुरिया घरधुरी रहेका छन् । यातायातका साधन हुँदै पोखराबाट लगभग चार घन्टाको यात्रामा पुग्न सकिने यो गाउँमा पुग्नासाथ ढुङ्गाले छाएको एवम् छापिएको गुजुमुच्च तर अत्यन्त सफा र सुन्दर नमुना बस्ती देख्न पाइन्छ जसलाई हेरेर पर्यटकले आफ्नो यात्राको थकाइ क्षणभरमै बिर्सने गर्छन् । स्थानीय जनताको जागरुकतासँगै सरसफाईमा सिक्लेसका सर्वसाधारणले निकै ध्यान दिएका कारण बाटाघाटा तथा घर तथा चोकमा प्लास्टिक तथा कागज केही नभेटिनु सिक्लेसको अर्को विशेषता हो ।



गुरुङ जातिको कला तथा संस्कृतिको जीवन्त संग्रहालयजस्तै बनेको यो गाउँबाट गुरुङ जातिको अन्तिम राज्य क्होलासोंथर एक दिनमा पुग्न सकिने भएका कारण पछिल्लो समयमा गुरुङ जातिको अध्ययन तथा अनुसन्धानका लागि स्वदेशी एवम् विदेशी अनुसन्धाता सिक्लेस आउने गरेको सिक्लेस युवा क्लबका सचिव देवीजङ्ग गुरुङले बताए। गुरुङ संस्कृतिको अध्ययनका लागि सिक्लेसस्थित सिक्लेस ईको म्युजियम पनि महत्वपूर्ण अङ्ग बनेको छ ।

सङ्ग्रहालयमा गुरुङ संस्कृतिको वेशभूषा, रहनसहन तथा परम्परा लाई जीवन्त रुपमा झल्काउने सामग्री देख्न सकिन्छ । सङ्ग्रहालयमा सिक्लेस क्षेत्रमा पाइने अत्यन्त महत्वपूर्ण कुट्को, कुरिलो, सतुवा, विष, जटामसी, सिल्टीमुर, पाँचऔँले र यार्सागुम्बाजस्ता जडीबुटीका बारेमा सिक्लेस पुग्ने पर्यटकले अभिरुचिपूर्वक जानकारी लिने गरेका छन् । पर्यावरणीय संरक्षणका लागि गरिएका लाटोकोसेरो महोत्सवजस्ता भिन्न किसिमका महोत्सवका कारण सिक्लेसका स्थानीयवासीमा पर्यावरणलाई जोगाउनुपर्छ भन्ने भावना भित्रैदेखि जागृत भएको पाउन सकिन्छ ।

सिक्लेसको कला, संस्कृति र प्रकृतिप्रति बढ्दै गएको पर्यटकीय आकर्षण र सिक्लेस पर्यटकको बसाइलाई लम्ब्याउन गाउँमाथि सिक्लेस पार्क निर्माण सुरु गरिसकिएको छ । सिक्लेस युवा क्लबका सचिव गुरुङका अनुसार वातावरण मैत्री स्थानीय शासन कार्यक्रम पार्चे गाविस र स्थानीय जनताद्वारा पार्क निर्माण गर्न लागिएको हो । हाल ३४ हजार सात सय वर्गमिटर क्षेत्रफलमा बन्दै गरेको पार्क लगभग ५० हजार वर्गमिटर क्षेत्रफलसम्म बढ्न सक्ने पार्क निर्माण समितिका अध्यक्ष सुरजकुमार गुरुङले जानकारी दिए ।

'पार्क निर्माणका क्रममा वातावरण मैत्री स्थानीय शासन कार्यक्रमअन्तर्गत लगभग १० लाख रुपैयाँ खर्च भइसकेको छ भने सिक्लेस गाउँका प्रत्येक चार सय घर कुरियाले दुई/दुई दिन श्रमदान गरिसकेका छन्' उनले भने-'पार्क निर्माणसँगै सिक्लेस आउने पर्यटकको बसाइ अरू लम्ब्याउन सकिन्छ ।' निर्माणाधीन पार्कबाट लम्जुङ हिमाल, अन्नपूर्ण-२, अन्नपूर्ण-४ का साथै वरिपरिको पहाडी भू-भागको एक साथ दृश्यावलोकन गर्न सकिन्छ ।

आफ्नो गाउँको विकासका लागि अमेरिकाको कोलोराडोमा रहेका सिक्लेसीले निर्माणाधीन पार्कमा टावरसमेत बनाउने प्रस्ताव राखेको निर्माण समितिका अध्यक्ष गुरुङको भनाइ छ । पार्कमा अपनत्वको भावना जागृत गराउन सिक्लेसका प्रत्येक घर कुरियालाई आ-आफ्ना घरबाट एक/एकवटा बिरुवा रोप्न लगाइएको जानकारी दिँदै सिक्लेस युवा क्लबका सचिव गुरुङले ती रूखको संरक्षण गरी त्यसमा सबैले आ-आफ्नो घरमूलीको नाम लेख्न पाउने व्यवस्था गरिएको बताए।

सिक्लेसमा खान-बस्नका लागि स्थानीय बासिन्दाले सञ्चालन गरेका घरबास (होमस्टे) तथा होटल उपलब्ध छन् । सिक्लेस एक दिन बास बस्न लगभग ५/६ सय रुपैयाँ भए पुग्छ भने दुई सय ५० रुपैयाँसम्म खर्च गर्दा रोजाइ अनुरूपको खानाको स्वाद लिन सकिन्छ। पोखराबाट ४० किलोमिटर उत्तरमा रहेको सिक्लेसमा विगतमा पदयात्राबाटै मानिस पुग्ने गरे पनि अहिले पदयात्राका साथै हिँड्न नसक्नेहरु गाडीबाट पुग्ने गरेका छन् । गाडीबाट काहुँखोला, ढाडबेसी, काभ्रेखोला, छाचोक, मेल्चो, थाक, तप्राङ, चिप्ली, पार्चे हुँदै सिक्लेस पुग्न सकिन्छ ।

नेपालकै ठूलो गुरुङ बस्तीका रुपमा रहेको यो गाउँ अन्नपूर्ण संरक्षण क्षेत्रअन्तर्गतको घलेखर्क सिक्लेस ईको ट्रेकभित्र पर्दछ । कला संस्कृति बचाउन सिक्लेस बेलाबेलामा मेला तथा महोत्सव आयोजना गर्ने गरिन्छ । यस्ता अवसरमा लोपोन्मुख अवस्थामा रहेका लगभग चार दशकअघि सम्म प्रचलित खेल झिझिली, हेकुचे, घुर्राजस्ता खेलका प्रतियोगिता गराउने गरिएको सिक्लेस आमा समूहकी अध्यक्ष नौमाया गुरुङले बताए । उनका अनुसार सूचना दिने प्राचीन प्रचलन कटुवाल घोकाउने प्रथा पनि सिक्लेसमा अद्यापि कायमै छ ।रासस

# कहाँ चुकिन् हिलारी क्लिन्टन?

**पोखरा २४ कार्तिक ।**

राष्ट्रपति बाराक ओबामाले २००८ र २०१२ मा चुनाव लड्दा निर्माण गरेको गठबन्धन कायम गर्न नसक्दा हिलारी क्लिन्टनले चुनाव हारेको अमेरिकी टेलिभिजन केबल न्युज नेटवर्क (सिएनएन)ले विश्लेषण गरेको छ। अफ्रिकनरअमेरिकन, ल्याटिनो र युवा समूहबाट ठूलो संख्यामा मतादाताहरू हिलारीलाई भोट दिन घरबाट नै निस्किएनन्। चुनाव सकिन लाग्दासम्म पनि हिलारी पक्षधरहरू आशावादी नै थिए। तर, जब मत गणना सुरू भयो, नतिजा हिलारी पक्षधर, अमेरिकी राजनीतिक पण्डित र सञ्चारमाध्यमका लागि समेत अप्रत्यासित भयो। उनले जित्ने निश्चित मानिएको विस्कनसिन जस्तो राज्यमा समेत उनले ट्रम्पसँग हारिन्। यस्तै, पेन्सिलभेनिया र मिचेगन जस्ता राज्यमा पनि उनले हारेपछि उनको ह्वाइट हाउस जाने सपना तुहियो।



उनले लक्षित गरेका समुदायबाट उनलाई समर्थन प्राप्त भएको पनि हो। तर, ओबामाले पाएजति समर्थन भने हिलारीले पाइनन्। हिलारीले ८८ प्रतिशत अफ्रिकन-अमेरिकन समुदायको भोट प्राप्त गरिन्, तर उक्त मत सन् २०१२ मा ओबामाले पाएको मतभन्दा थोरै हो। ओबामाले अफ्रिकन/अमेरिकन समुदायको ९३ प्रतिशत मत प्राप्त गरेका थिए। सन् २०१२ मा ओबामाले ७१ प्रतिशत ल्याटिनो मत प्राप्त गरेका थिए भने हिलारीले अहिले ६५ प्रतिशत मात्र मत प्राप्त गरेको सिएनएन एक्जिट पोलले देखाएको छ। उनले १८ देखि २९ वर्ष उमेर समूहबाट ५४ प्रतिशत मात्र मत प्राप्त गर्न सकिन् जबकि ओबामाले उक्त समूहबाट ६० प्रतिशत मत प्राप्त गरेका थिए। ओबामाले अहिलेको चुनावमा हिलारीलाई मत दिन अफ्रिकन-अमेरिकन र ल्याटिनो समुदायमा विशेष आग्रह गरेका थिए। तर, ती समुदायका धेरै मतदाताले ओबामाको आग्रह सुनेनन्। अफ्रिकन-अमेरिकन समुदायबाट मतदान गर्नेको संख्या पनि यस वर्ष घट्यो। सन् २०१२ मा सम्पूर्ण मतदाताको १३ प्रतिशत अफ्रिकन-अमेरिकन थिए भने यस वर्ष उक्त संख्या १२ प्रतिशतमा झर्यो। अमेरिकी गोराहरुको भोट पनि ओबामाको तुलनामा उनले कम प्राप्त गरिन्।

सन् २०१२ मा ओबामाले ३९ प्रतिशत गोराहरुको मत प्राप्त गरेका थिए तर हिलारीले उक्त समुदायबाट ३७ प्रतिशत मात्र मत प्राप्त गर्न सफल रहिन्।

गोराहरूको मत पनि २०१२ को तुलनामा यस वर्ष खस्कियो। २०१२ मा कुल मतको ७२ प्रतिशत गोराहरू थिए भने यस वर्ष उक्त मतसंख्या ७० प्रतिशतमा झर्‍यो। कुल मतदाताको ४ प्रतिशत ओगट्ने एसियनले पनि उनलाई कमै सहयोग गरे। ६५ प्रतिशत एसियनले हिलारीलाई मत दिए। सन् २०१२ मा ७३ प्रतिशत एसियनले ओबामालाई समर्थन गरेका थिए। उनले ५४ प्रतिशत महिलाको मत प्राप्त गरिन् जबकि ओबामाले ५५ प्रतिशत महिलाको मत प्राप्त गरेका थिए। महिलालाई अपमान गरेको आरोप लागे पनि ४२ प्रतिशत महिलाले ट्रम्पलाई मत दिएका थिए।

# ट्रम्प राष्ट्रपति बन्दा नेपालीलाई के असर गर्छ ?

डोनाल्ड ट्रम्प आप्रवासी विरोधीका रुपमा चिनिन्छन् । चुनाव प्रचारका क्रममा उनले जस्ता एजेण्डा अगाडि सारेका छन्, त्यसका आधारमा भन्दा त उनी नेपालीमात्र हैन, सबै आप्रवासीका लागि विपत्ति नै सावित हुनेछन् । अरु देशका आप्रवासीजस्तै नेपालीहरु पनि हजारौंको संख्यामा अमेरिकामा अवैधानिक रुपमा कार्यरत छन् । एचवानवी भिषामा काम गर्ने नेपालीहरु पनि छन् । अब ट्रम्पको जीतले उनीहरुलाई सिधा असर गर्न सक्छ । अमेरिकामा अहिले एक करोडभन्दा धेरै अवैधानिक आप्रवासीहरु बसोबास गरिरहेका छन् । ट्रम्पले उनीहरुलाई देश निकाला गर्ने वाचा मतदाता माझ गरेका छन् ।

यस्तै, ट्रम्पले विदेशी आप्रवासीहरुले अमेरिकीहरुको रोजगारी खोसिदिएको हुँदा कामदार भिषा (एचवानवी) पनि बन्द गर्ने र विदेशीलाई अमेरिकामा काम गर्न आउन नदिने बताइरहेका छन् ।

उनी राष्ट्रपति बनिसकेपछि एचवानवी भिषामा आप्रवासीहरु अमेरिकामा काम गर्न आउन समस्या हुन सक्छ । कतिपय अमेरिकी कम्पनीहरुले आउटसोर्सिङ गरी चीन वा भारतमा काम दिएकोमा पनि ट्रम्पले विरोध गरेका छन्। अमेरिकी कम्पनीले अमेरिका भित्रै काम दिनुपर्ने भन्दै आउटसोर्सिङ गर्न नपाउने गरी उनले नीति बनाउन सक्छन् ।

समग्रमा ट्रम्प विदेशीहरुप्रति निकै नै अनुदार छन् । विदेशीलाई अमेरिकाभित्र काम दिने वा आउटसोर्सिङ गर्ने काममा उनको बिरोध छ । उनका एजेण्डाहरु त यति धेरै उग्र छन् कि उनी राष्ट्रपति भएर आफूले बोलेअनुसारको काम गर्न खोजे भने विश्वले नै विपत्ति भोग्ने छ । अरु देशका आप्रवासी जस्तै नेपालीहरु पनि हजारौंको संख्यामा अमेरिकामा अवैधानिक रुपमा कार्यरत छन् । एचवानवी भिषामा काम गर्ने नेपालीहरु पनि छन्। अब ट्रम्पको जीतले उनीहरुलाई सिधा असर गर्न सक्छ ।

**नेपालमै बस्ने नेपालीलाई असर**

ट्रम्पको नीति लागू भएमा अमेरिका बस्नेमात्र हैन, नेपालमै बस्ने नेपालीलाई पनि असर गर्ने छ । ट्रम्पले विदेशीलाई विकाश सहयोगका नाममा पैसा दिनु हुँदैन भनिरहेका छन् । उनले त राष्ट्रसंघलाई पनि डोनेसन दिनुहुँदैन भन्दैछन् । सम्भवत: अब नेपालले पाउँदै आएको ऋण वा अनुदान सहयोग ट्रम्पका पालामा कम हुन सक्छ । हिलारीले जितेको भए चाहिँ नेपाल र नेपालीलाई फाइदा हुन्थ्यो । उनी नेपाल पनि गइसकेकी थिइन् नेपालसँग उनको सम्बन्ध थियो । गरी पुऱ्याउन गाह्रो छ ।

तर, ट्रम्पले बोलेको कुरा गर्न सक्छन् र अमेरिकी नीति एवं कानुन सजिलै परिवर्तन गर्न सक्छन् भन्नेचाहिँ मलाई लाग्दैन । किनकि कानुन बनाउन दुबै सदनको साथ चाहिन्छ । सदनमा डेमोक्र्याटले जिते भने ट्रम्पले चाहेर पनि कानुन बनाउन सक्दैनन् । ओबामाका पालामा पनि त्यस्तै भएको थियो, हाउस रिपब्लिकनको बहुमतमा थियो । त्यसैले ओबामाले चाहेका धेरै कानुन पास हुन सकेनन् । दुबै हाउसमा रिपब्लिकनले जिते भने पनि ट्रम्पलाई आफूले चाहेअनुसारको कानुन बनाउन सजिलो हुने छैन । किनभने रिपब्लिकनका धेरै सिनियर लिडरसँग ट्रम्पको सम्बन्ध राम्रो छैन, त्यसले हाउसको मत ट्रम्पकै पक्षमा नहुन सक्छ ।

हिजो रिपब्लिकन राष्ट्रपति हुँदा पनि उनीहरुका अभिब्यक्ति आप्रवासी विरोधी नै थिए । तर, हाउस र राष्ट्रपतिवीचको शक्ति बाँडफाँडका कारण आप्रवासी विरोधी नीति बनी हाल्न सकेको थिएन । रिपब्लिकनका रोनाल्ड रेगन राष्ट्रपति हुँदा त अबैध आप्रवासीलाई आममाफी नै दिइएको थियो, जुनबेला हाउसमा डेमोक्रेटिकहरुको होल्ड थियो ।

सारमा म के भन्छु भने ट्रम्प चुनावी अभियानमा आप्रवासीप्रति जति असहिष्णु देखिन्थे, राष्ट्रपति भइसकेपछि त्यही अडानमा रहन र कानुन पास गराउन सक्दैनन् । यति ठूला निर्णय लिन उनलाई संसदको साथ चाहिन्छ नै । त्यसले अमेरिकी अर्थतन्त्रमा पर्ने असर के हुन्छ, त्यो पनि पक्कै हेरिन्छ । यदि ट्रम्पको पोलिसी लागू भयो भने त अमेरिकी अर्थतन्त्र दुर्घटनामा पर्छ जस्तो लाग्छ ।

हाम्रो रोजीरोटी बिदेशीले खाइदिए भन्दा त्यो अमेरिकी भोटरका लागि पपुलर नारा भयो र अमेरिकी जनता त्यसकै पछि लागे । तर, यो अवस्था परिवर्तन गर्न सक्ने स्थितिमा अमेरिका अहिले नै पुगिसकेको छैन । त्यसैले अहिले के विश्वास गरौं भने ट्रम्प विश्वव्यापीकरण, खुला सीमाना र उदार अर्थव्यवस्थाको विरुद्धमा जान सक्दैनन् । आप्रवासीलाई अप्ठेरो पार्ने गरी नीतिहरु त आउन सक्लान् । तर, ट्रम्पलाई त्यति सजिलो भने छैन ।

**✍अधिवक्ता खगेन्द्र जिसी**

# डोनाल्ड...

*पार्टीका उम्मेदवार डोनाल्ड ट्रम्पलाई रोजेको देखिएको छ । डेढ वर्षअघिसम्म धेरै अमेरिकीले डोनाल्ड ट्रम्प रिपब्लिकन पार्टीको उम्मेदवार बन्छन् भनेर सोचेका पनि थिएनन् । तर, उनी अहिले उम्मेदवार मात्र होइन अमेरिकी राष्ट्रपतिमा निर्वाचित नै भइसके । पढ्नुहोस् ट्रम्पसँग सम्बन्धित पाँच रोचक कुरा:*

*डोनाल्ड ट्रम्पको जन्म सन् १९४६ जुन १४ का दिन भएको थियो । ट्रम्पले अहिलेसम्म चुरोट खाएका छैनन् । न त उनले रक्सी पिएका छन् न लागू औषध सेवन गरेका छन् । उनका ठूला दाजू फ्रेड जड्याँहा थिए तर, डोनाल्डलाई भने नपिउन सल्लाह दिन्थे । फ्रेडले कुलतका कारण ज्यान गुमाए ।*

*ट्रम्पको सुनौलो कपालको निकै चर्चा हुने गरेको छ । भनिन्छ उनले आफ्नो कपाललाई ब्लो ड्राइ गरेर पछाडिसम्म कोर्ने गर्छन् । २००७ मा वर्ल्ड रेस्लिङ इन्टरटेन्मेन्ट डब्ल्यू डब्ल्यू ईका अध्यक्ष भिन्स मिकम्यानसँग उनले एउटा अनौठो बाजी राखेका थिए । दुबै जनाले एक(एक जना रेसलर छानेका थिए र हार्नेले कपाल खौरनुपर्ने सर्त थियो । यसमा जित ट्रम्पकै भयो र उनले मिकम्यानको कपाल खौरन सहयोग पनि गरे ।*

*ट्रम्पले रक्सी नपिए पनि सन् २००६ मा आफ्नै भोड्का बजारमा ल्याएका थिए । उनले यो भोड्कालाई उत्कृष्ट र राम्रोसँग प्याक गरिएको भन्ने गरेका थिए । तर, २०११ मा राम्रो व्यापार गर्न नसकेपछि ट्रम्प भोड्काको उत्पादन बन्द गरिएको थियो । आफ्नो नाममा बोर्ड गेम भएका ट्रम्प पहिलो राष्ट्रपतीय उमेदवार हुन् । मोनोपोली (व्यापारी) जस्तै बोर्डमा खेलिने 'ट्रम्प द गेम' १९८९ मा सुरु गरेका थिए । तर, राम्रो बजार लिन नसकेपछि बन्द भयो ।*

*२०१६ मा फोर्ब्स म्यागजिनले जनाएअनुसार उनी अमेरिकाकै सवाधिक धनीको सूचीमा १५६ औं स्थानमा छन् भने संसारमै ३२४ औं स्थानमा छन् । उनको नेटवर्थ करिब ३.७ अर्ब डलर रहेको फोर्ब्स ले सन् २०१६ मा अनुमान गरेको छ ।*

# बुद्धविशाल बजारका संस्थापक गौचन रहेनन्

**✍गोल्डेन न्यूज संवाददाता**
**पोखरा २४ कार्तिक ।**

पोखराको महेन्द्रपुलस्थित बुद्ध विशाल बजारका संस्थापक एवं समाजसेवी नन्द प्रसाद भट्टचनको निधन भएको छ । लामो समयदेखि दम र मुटुको समस्याबाट पिडित भट्टचनको बेलायतमा उपचारको क्रममा ८२ वर्षको उमेरमा निधन भएको पारिवारिक स्रोतले जनाएको छ । उनको जन्म सन् १९३३ मा मुस्ताङको लेतेमा जन्म भएको थियो । पूर्व ब्रिटिस आर्मी समेत रहेका स्वं भट्टचनले विंस २०४१ सालमा उनका भन्जा हर्क बहादुर शेरचनसँग सहकार्य गरेर पोखरामा पहिलोपटक विशाल बजारको अवधारणा ल्याई स्थापना गरेका थिए । त्यसपछि यस क्षेत्रमा ठूला कम्लेक्स स्थापना हुन थालेको थकाली सेवा समिति पोखराका अध्यक्ष विश्वमोहन गौचनले बताए । स्व. भट्टचनको शव बुधवार



राति काठमाडौं ल्याईएको छ । विहीवार विहान १० बजेपछि पोखराको रामघाटमा थकाली परम्परा अनुसार अन्तिम संस्कार गरिने बताइएको छ । उनीको श्रीमती, तीन छोरा, एक छोरी र सात नातीनातिनी छन्। छोराहरु गोर्खा मेजर निर्मल भट्टचन हाल बेलायत, कम्प्युटर इ. विमल अमेरिका र निर्देश हाल हङकङमा बस्दै आएका छन् ।


**नेपाल पत्रकार महासंघ कास्की शाखाको**

**अत्यन्त जरुरी सूचना !**

नेपाल पत्रकार महासंघ कास्की शाखाको २०७३ साल असोज ३० गते सम्पन्न कार्य समिति बैठकले पत्रकार महासंघ कास्की शाखाका साधारण सदस्यहरुको सदस्यता नवीकरण गर्ने निर्णय गरे अनुसार यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आ-आफ्नो सदस्यता नवीकरण गरिसक्न आब्हान गरिन्छ। १५ दिन भित्र सदस्यता नवीकरण नगर्नेहरुको यस बर्ष सदस्यता नवीकरण गरिनेछैन। 'नेपाल पत्रकार महासंघको सदस्यता प्राप्ति तथा नवीकरण कार्यविधि निर्देशिका-२०७१' मा पुराना सदस्यहरुले पनि आफु क्रियाशिल रहेको प्रमाण सहित सदस्यता नवीकरणका लागि आवेदन दिनु पर्ने व्यवस्था गरिएकाले सदस्यता नवीकरण गर्दा क्रियाशिलता प्रमाणित गर्नका लागि आवश्यक कागजात (नियुक्ती पत्र, दुई प्रति फोटो, प्रकाशित वा प्रसारित समाचार सामाग्री लगायत) अनिवार्य प्रस्तुत गर्नु पर्नेछ । सदस्यता नवीकरणका लागि नेपाल पत्रकार महासंघ कास्की शाखामा सम्पर्क गर्नुहोला ।

**नेपाल पत्रकार महासंघ**
**कास्की शाखा**

**कर्मचारी चाहियो**

पोखराको चिप्लेढुङ्गा, मानवअधिकारचोकस्थित चिनारी थकाली भान्छाघरका लागि निम्न कर्मचारी चाहियो ।

पद : वेटर संख्या : २ जना
पद : किचन हेल्पर संख्या : १ जना
पद : डिसवासर संख्या : १ जना

सम्पर्क : **चिनारी थकाली भान्छाघर**
मानवअधिकारचोक, चिप्लेढुङ्गा, पोखरा, फोन : ०६१-५२६३०९

**के तपाईंमा यौनसम्बन्धी समस्या छ ?**

पुरुषमा देखिने : शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, पुरुष यौनाङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष ।
महिलाहरूमा देखिने : स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, महिलाको यौनाङ्ग चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डिफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेतो दुवीका साथै अन्य चर्मरोगहरू ।
महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानको सफल उपचार
मलद्वार सम्बन्धी रोग : पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दु:ख्ने, पोल्ने, दिसासंग रगत बग्ने आदि समस्याको सफल उपचार ।
बिरामी जाँच्ने समय : बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म

**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.**
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१
नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

Study in **Japan**
Czech Republic
USA, Australia, Norway
❖100% Visa on previous session, Gap Acceptable & NAT/JLPT not required in **JAPAN**.
❖SLC passed can apply .
April Intake
❖Almost all intake **czech Republic** .
❖Free Education in **Norway** & **Finland** .
❖Help to make all kind of documentation for any Countries .
**Now Running** IELTS, JLPT Classess
**ROMAN EMPIRE**
Education Foundation
Siddhartha Chowk-4, Chipledhunga, Pokhara (Opp .Rupakot Complex)
Tel .:061-531538, 9846449344, 9803652132


सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा